# बालबालिका सम्बन्धी ऐन, २०७५ मा रहेका बाल सहभागिता सम्बन्धी प्रावधानहरूको कार्यान्वयन मापन प्रतिवेदन




संघीय संसद

राष्ट्रिय सभा

**विधायन व्यवस्थापन समिति**

२०८२

# विधायन व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १. | माननीय सभापति | तुलसा कुमारी दाहाल |
| २. | माननीय सदस्य | डा. अज्ञान शाक्य |
| ३. | माननीय सदस्य | आनन्द प्रसाद ढुंगाना |
| ४. | माननीय सदस्य | कृष्ण प्रसाद सिटौला |
| ५. | माननीय सदस्य | कृष्ण बहादुर रोकाय |
| ६. | माननीय सदस्य | गोपाल भट्टराई |
| ७. | माननीय सदस्य | गंगाकुमारी बेल्वासे |
| ८. | माननीय सदस्य | जयन्ती देवी राई |
| ९. | माननीय सदस्य | झक्कु प्रसाद सुवेदी |
| १०. | माननीय सदस्य | तारामान स्वाँर |
| ११. | माननीय सदस्य | डा. बेदुराम भुसाल |
| १२. | माननीय सदस्य | मृगेन्द्र कुमार सिंह यादव |
| १३. | माननीय सदस्य | राधेश्याम पासवान |
| १४. | माननीय सदस्य | विष्णु देवी पुडासैनी |
| १५. | माननीय सदस्य | सुरेशकुमार आले मगर |

## अध्ययन अवधिमा समितिमा रहनुभएका अन्य सदस्यहरू

| क्र.सं. | पद | नाम, थर | कैफीयत |
|---|---|---|---|
| १. | माननीय सदस्य | नारायणकाजी श्रेष्ठ | मिति २०८२/३/१५ मा विकास, आर्थिक मामिला तथा सुशासन समितिमा मनोनयन |
| २. | माननीय सदस्य | भगवती न्यौपाने | मिति २०८२/३/३० मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री नियुक्त |

## समिति सचिवालयमा कार्यरत कर्मचारीहरू

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १. | सहसचिव (समिति सचिव) | श्री मनोज कुमार गिरी |
| २. | उपसचिव | श्री नुमराज खनाल शर्मा |
| ३. | शाखा अधिकृत | श्री प्रकाश ज्ञवाली |
| ४. | कम्प्युटर अपरेटर | श्री लीला श्रेष्ठ |
| ५. | कार्यालय सहयोगी | श्री कृष्णप्रसाद वाग्ले |

## अध्ययन कार्यमा संलग्न थप कर्मचारी

शाखा अधिकृत श्री प्रबल पौडेल

# भूमिका

विधायन व्यवस्थापन समिति राष्ट्रिय सभाका स्थायी विषयगत समितिमध्ये एक हो। राष्ट्रिय सभा नियमावली, २०७५ ले यसको कार्यक्षेत्र सभाबाट प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन तथा अध्ययन, अनुसन्धान र संघीय एकाइहरूबीच विधायिकी अन्तरसम्बन्ध सम्बन्धी विषय र सम्बद्ध निकाय भनी तोकेको छ। प्रस्तुत प्रतिवेदन ऐन कार्यान्वयन मापनसँग सम्बन्धित छ।

प्रस्तुत प्रतिवेदन “बालबालिका सम्बन्धी ऐन, २०७५” मा समावेश बाल सहभागिता सम्बन्धी प्रावधानहरूको कार्यान्वयन अवस्थाको मापनसँग सम्बन्धित उत्तरविधायिकी अध्ययन हो। नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै प्रारम्भिक बाल विकास तथा बालखसहभागिताको अधिकार सुनिश्चित गरेको छ। सो संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि जारी भएको बालबालिका सम्बन्धी ऐन, २०७५ ले सम्मानजनक बाल सहभागितालाई विशेष महत्त्व दिएको छ। ऐन कार्यान्वयनको सात वर्ष पूरा भइसकेको सन्दर्भमा विधायिकी मनसाय अनुरूप बाल सहभागिता सुनिश्चित भएको छ वा छैन भन्ने प्रश्नको उत्तर खोज्ने उद्देश्यले समितिले यो कार्यान्वयन मापन गरेको हो।

अध्ययनका क्रममा सम्बन्धित मन्त्रालय तथा निकायबाट प्रगति विवरण सङ्कलन, स्थलगत अध्ययन तथा सरोकारवाला र विज्ञहरूसँग अन्तरक्रिया जस्ता विधि अवलम्बन गरिएको छ। प्राप्त तथ्य र विश्लेषणबाट बाल सहभागिताका संवैधानिक तथा कानुनी प्रावधानहरूको कार्यान्वयनमा सकारात्मक प्रयासहरू भए तापनि संस्थागत सुदृढीकरण, समन्वय, सचेतना अभिवृद्धि तथा प्रभावकारी अनुगमनमा थप सुधार आवश्यक रहेको देखिएको छ।

प्रस्तुत प्रतिवेदनले बाल सहभागितालाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक नीतिगत, संस्थागत र कार्यान्वयनगत सुधारका लागि सुझावहरू प्रस्तुत गरेको छ। यी सिफारिसहरूको प्रभावकारी कार्यान्वयनबाट संविधानप्रदत्त बाल अधिकारको संरक्षण, प्रवर्धन र परिपूर्तिमा महत्त्वपूर्ण टेवा पुग्ने विश्वास लिएको छु।

यस कार्यमा सहयोग पुर्‍याउने सबै मन्त्रालय, सरोकारवाला, विज्ञ, स्थलगत अध्ययनका क्रममा सहयोग पुर्‍याउनु हुने सबै स्थानीय तह र प्रदेश सभाका जनप्रतिनिधि तथा कर्मचारीहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस अध्ययन कार्यमा प्राविधिक एवं आर्थिक सहयोग पुर्‍याउने बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समुह (कन्सोर्टियम नेपाल), सेभ द चिल्ड्रेन, गुड सेफर्ड इन्टरनेसनल, प्लान इन्टरनेसनल नेपाल, वर्ल्ड भिजन इन्टरनेसनल, नेपाल लगायतका संस्थाहरूलाई धन्यवाद व्यक्त गर्दछु। साथै यस कार्यमा सहयोग पुर्‍याउनु हुने समितिका माननीय सदस्यहरू र समिति सचिवालय लगायत प्रत्यक्ष वा परोक्ष सहयोग पुर्‍याउनु हुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

विहीबार, २९ माघ २०८२

तुलसा कुमारी दाहाल
सभापति

# प्रतिवेदन सार

"बालबालिका सम्बन्धी ऐन, २०७५" मा समावेश बाल सहभागिता सम्बन्धी प्रावधानहरूको कार्यान्वयन अवस्थाको मापन गर्ने उद्देश्यले विधायन व्यवस्थापन समितिद्वारा यो उत्तरविधायिकी अध्ययन सम्पन्न गरिएको हो। नेपालको संविधानले बालबालिकालाई मौलिक हकका रूपमा प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको अधिकार सुनिश्चित गरेको सन्दर्भमा उक्त संवैधानिक र कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए, नभएको सम्बन्धमा वस्तुस्थिति मूल्याङ्कन गर्नु यस अध्ययनको मूल लक्ष्य रहेको छ।

अध्ययन प्रक्रियामा सम्बन्धित संघीय मन्त्रालय तथा निकायबाट कार्यान्वयन प्रगति विवरण सङ्कलन, पाँच प्रदेशमा स्थलगत अन्तरक्रिया कार्यक्रम सञ्चालन, बालबालिकासँग प्रत्यक्ष छलफल तथा विज्ञ र सरोकारवालासँग परामर्श गरिएको थियो। अध्ययनले स्थानीय तहमा बाल क्लब गठन, स्थानीय बाल अधिकार समिति स्थापना, बाल कल्याण अधिकारी तोक्ने जस्ता कार्यहरूका माध्यमबाट बाल सहभागिता प्रवर्धन गर्ने प्रयासहरू गरिएका छन्। विद्यालय र समुदायस्तरमा बाल क्लबहरूको सक्रियता भने राम्रो पाइएको छ।

यद्यपि, सबै स्थानीय तहमा आवश्यक संरचना स्थापना नभएको, बाल कल्याण अधिकारीको पूर्ण नियुक्ति नभएको, बाल सहभागिता सम्बन्धी विधायिकी मनसाय स्पष्ट कार्यविधि र मापदण्डमा रूपान्तरण हुन नसकेको तथा बजेट, क्षमता र समन्वयको अभाव रहेको जस्ता चुनौतीहरू पनि देखिएका छन्। परिवार, समुदाय तथा संघीय र प्रादेशिक तहका निर्णय प्रक्रियामा बाल सहभागिताको स्पष्ट संरचना र मानकको कमी रहेको तथ्य समेत उजागर भएको छ।

प्रतिवेदनले बाल सहभागितालाई प्रभावकारी, संस्थागत र परिणाममुखी बनाउन कानुनी स्पष्टता, संरचनात्मक सुदृढीकरण, क्षमता विकास, बजेट सुनिश्चितता तथा समन्वय प्रणाली सुदृढ गर्न सिफारिस गरेको छ। यी सिफारिसहरूको कार्यान्वयनबाट सम्मानजनक बाल सहभागिता सुनिश्चित भई बाल सहभागिताको प्रवर्धनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

# विषय-सूची

## परिच्छेद-१
## परिचय


१.१ पृष्ठभूमि ........ १

१.२ ऐनको छनोट ........ २

१.३ मापनको प्रश्न ........ ४

१.४ मापनको उद्देश्य ........ ८

१.५ मापनको महत्त्व ........ ८

१.६ कार्यान्वयन मापनको सीमा ........ ८

१.७ मापन प्रक्रियाको समयावधि ........ ९


## परिच्छेद-२
## सन्दर्भ सामग्रीको अध्ययन


२.१ बालअधिकार सम्बन्धी महासन्धि, १९८९ ........ १०

२.२ नेपालको संविधान ........ ११

२.३ राष्ट्रिय बालबालिका नीति, २०८० ........ ११

२.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........ १५

२.६ सोह्रौं योजना ........ १६


## परिच्छेद-३
## मापनका चरण तथा कार्यक्रम


३.१. ऐनको छनोट ........ १७

३.२. ऐनको पृष्ठभूमि ........ १७

३.३. कानुन कार्यान्वयनकारी निकायको पहिचान ........ १८

३.४. विवरण सङ्कलन ........ १८

३.५ प्रत्यायोजित विधायनको समीक्षा ........ १८

३.६. स्थलगत अध्ययन कार्यक्रम ........ १९


## परिच्छेद-४
## ऐनको कार्यान्वयन अवस्थाको अध्ययन


४.१ कार्यान्वयनको प्रगति विवरण सङ्कलन ........ २१

४.१.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ........ २१

४.१.२ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ........ २५

४.१.३ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ........ २५

४.१.४ महान्यायाधिवक्ताको कार्यालय ........ २७

४.१.५ सर्वोच्च अदालत, केन्द्रीय बाल न्याय समिति ........ २८

४.२ स्थलगत अध्ययन ........ २९
४.२.१ बालबालिकासँगको प्रत्यक्ष छलफलबाट प्राप्त जानकारी ........ ३०
४.२.२. स्थानीय तहस्तरीय छलफलबाट प्राप्त जानकारी ........ ३२
४.२.३. प्रादेशिक स्तरको छलफलबाट प्राप्त जानकारी ........ ३८
४.२.४. बाल सुधार गृहमा भएको छलफलबाट प्राप्त जानकारी ........ ४०
४.३ विज्ञ तथा सरोकारवालासँग अन्तरक्रिया ........ ४१
४.४ सरोकारवाला संघ, संस्था तथा विज्ञसँग छलफल ........ ४१

परिच्छेद-५

बाल सहभागिता सम्बन्धी प्रावधान कार्यान्वयन अवस्थाको विश्लेषण र मूल्याङ्कन

५.१ विधायिकी मनसाय र संवैधानिक प्रतिबद्धता ........ ४२
५.२ मौलिक हक कार्यान्वयनमा प्रतिबद्धता ........ ४३
५.३ प्रत्यायोजित विधायनको तर्जुमा ........ ४४
५.४ बालबालिकालाई सङ्गठित हुनका लागि सहजीकरण ........ ४४
५.५ बालबालिकाको विचार तथा अभिव्यक्ति र सोको सुनुवाई ........ ४४
५.६ सहभागितामा आधारित बाल सिकाई ........ ४५
५.७ बाल न्याय सम्पादनमा कमजोर सहभागिता ........ ४६
५.८ संघीयतामा बाल सहभागिता ........ ४७
५.९ नीति र कार्यक्रमसँग ऐनको सम्बन्ध ........ ४७

परिच्छेद-६

निश्कर्ष र सुझाव

६.१ निष्कर्ष ........ ४८
६.२ सुझाव ........ ४९

सन्दर्भ सामग्री

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानमा संघीय संसदका दुवै सदन प्रतिनिधि सभा र राष्ट्रिय सभाले आवश्यकतानुसार संघीय कानुन बमोजिम समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ।[१] विधायिकानिर्मित संघीय कानुन बन्न नसके तापनि संविधानले प्रदान गरेको नियम बनाउने अधिकार[२] अन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभाले आआफ्ना नियमावलीहरू पारित गरी जारी गरेका छन्। जारी प्रतिनिधि सभा नियमावली र राष्ट्रिय सभा नियमावलीमा पनि सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित सभा अन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था गरिएका छन्।[३] सभाका नियमावली बमोजिम प्रतिनिधि सभामा दश वटा र राष्ट्रिय सभामा चारवटा स्थायी समितिहरू गठन भई क्रियाशील छन्। त्यस्तै संविधान बमोजिम नै संघीय संसदको दुवै सभाको प्रतिनिधित्व हुने गरी दुईवटा स्थायी संयुक्त संसदीय समिति पनि रहेका छन्।[४]

त्यस्तै संघीय संसदको दुई सदन बीचको कार्यप्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितिगठनगर्न सकिने[५] संवैधानिक प्रबन्ध रहेतापनि संघीय संसदले अहिलेसम्म त्यस्तो संयुक्त समिति गठन गरेको भने छैन। विशेष विषयमा तोकिएको अध्ययन गरी प्रतिवेदन दिन सभाले समिति गठन गर्न सक्ने व्यवस्था बमोजिम राष्ट्रिय सभाले संघीयता कार्यान्वयन अध्ययन तथा अनगुमन संसदीय विशेष समिति, २०७९ गठन गरी सो समितिले प्रतिवेदन समेत पेस गरिसकेको छ।[६] त्यस्तो विशेष समिति गठन गर्नु परेमा समितिले गर्नु

---

[१]धारा ९७, नेपालको संविधान।

[२] धारा १०४ को उपधारा (१), नेपालको संविधान।

[३] नियम १७२, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम १४६, राष्ट्रिय सभा नियमावली, २०७५।

[४]नेपालको संविधानको धारा ५४ ले दिएको अधिकार अन्तर्गत संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २८ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति तथा नेपालको संविधानको धारा २९२ ले दिएको अधिकार अन्तर्गत संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ बमोजिम संसदीय सुनुवाई समिति क्रियाशील रहेका छन्।

[५]धारा ९७ को उपधारा (२), नेपालको संविधान।

[६]सभाले मिति २०७९।०२।२० मा समिति गठन गरेकोमा समितिले अध्ययन तथा अनुगमन कार्य पूरा गरी मिति २०७९।०७।०१ मा प्रतिवेदन पेश गरेको थियो।

पर्ने काम र समयावधि समेत उल्लेख गरी समितिमा रहने सदस्यहरूको नामावली सहितको प्रस्ताव सभाध्यक्षले बैठकमा प्रस्तुत गर्नु पर्ने व्यवस्था रहेको छ।[७]

विधायन व्यवस्थापन समिति राष्ट्रिय सभाका चारवटा मध्ये एक स्थायी विषयगत समिति हो। यस समितिलाई सभामा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन तथा अध्ययन, अनुसन्धान र संघीय एकाईहरूबीच विधायिकी अन्तरसम्बन्ध सम्बन्धी विषय र सम्बद्ध निकाय हेर्ने गरी नियमावलीले तोकेको छ।[८]समितिको कार्यक्षेत्र अन्तर्गतका विषयमध्ये महत्त्वपूर्ण कार्यक्षेत्रका रूपमा प्रचलित ऐनको कार्यान्वयन मापन रहेको छ। कानुनको कार्यान्वयन कार्यपालिकाबाट हुने र सार्वभौम जनताको प्रतिनिधिमूलक संस्था संसदप्रति कार्यपालिका जवाफदेही रहने हुन्छ। सुशासनका लागि कार्यपालिकालाई संसदप्रति जवाफदेही र उत्तरदायी बनाउन प्रचलित ऐनको कार्यान्वयन मापनको माध्यमबाट हुने संसदीय निगरानीको अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ। नेपालको संसदीय इतिहासमा पहिलो पटक २०७५ सालमा ऐन कार्यान्वयन मापन, अध्ययन र अनुसन्धान सम्बन्धी विषय विधायन व्यवस्थापन समितिको कार्यक्षेत्रमा रहने गरी राष्ट्रिय सभा नियमावलीमा प्रबन्ध गरिएको हो।

विधायनलाई कार्यान्वयनयोग्य, समसामयिक र बोधगम्य तथा जनहित अनुकूल बनाउने सन्दर्भमा आवश्यक अध्ययन अनुसन्धानका साथै मौजुदा ऐनको कार्यान्वयन अवस्था र यसले पारेको प्रभावका सम्बन्धमा मापन, मूल्याङ्कन, अध्ययन र अनुसन्धान गरी देखिएका कमी, कमजोरी सुधार गर्न तथा सरकारको तर्फबाट बहन गर्नु पर्ने जिम्मेवारी र उत्तरदायित्व पूरा गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालय एवं निकायहरूसँग समितिले समन्वय र सहकार्यको अभ्यास गरिरहेको छ। समितिले आफूलाई प्राप्त ऐन कार्यान्वयन मापन अध्ययन, अनुसन्धान सम्बन्धी क्षेत्राधिकार अन्तर्गत प्रस्तुत अध्ययन कार्य गरिएको हो।

## १.२ ऐनको छनोट

बालबालिका सुनौलो भविष्यका आशाका किरण हुन्। समाजका भविष्यका रेखाहरू बालबालिकालालाई प्रदान गरिने शिक्षा, संस्कार र संस्कृतिका माध्यमबाट क्षितिजमा रेखाङ्कित भई उनीहरूको उमेर र परिपक्वतासँगै क्रमशः केन्द्रमा आई समाज विकासका लागि योगदान हुन सक्दछ भन्ने विश्वास गरिन्छ। बालबालिकालाई देशको भविष्य अर्थात भविष्यका कर्णाधारका रूपमा हेरिने हुँदा उनीहरूको शारीरिक वृद्धिसँगै हुने मानसिक विकासका लागि सचेततापूर्वक हेरिनु पर्ने

[७]नियम १७७, प्रतिनिधि सभा नियमावली, २०७५ र नियम १६७, राष्ट्रिय सभा नियमावली, २०७५।

[८]नियम १४७ को उपनियम (१), राष्ट्रिय सभा नियमावली, २०७५।

दृष्टिकोणका साथ संसारभर बालबालिकालाई विशेष संरक्षण प्रदान गर्नु पर्ने वर्गका रूपमा हेर्ने गरिन्छ।

संयुक्त राष्ट्रसङ्घको महासभाले २० नोभेम्बर १९८९ मा बाल अधिकार सम्बन्धी महासन्धि पारित गऱ्यो। सो महासन्धि सन् १९९० सेप्टेम्बर २ देखि लागु भएको हो। कुल ३ खण्ड, ५४ धारामा रहेको यस महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेको थियो ।बाल अधिकार सम्बन्धी महासन्धिलाई पहिलो बाध्यकारी अन्तर्राष्ट्रिय कानुनका रूपमा लिइन्छ जसले नागरिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र सामाजिक अधिकार सहित मानव अधिकारका सम्पूर्ण पक्षलाई समावेश गरेको छ।[९]

बालबालिकको सर्वोत्तम हित र विकासका लागि सिङ्गो विश्वलाई एक ठाउँमा उभ्याएको बाल अधिकार सम्बन्धी महासन्धिले आधारभूत रूपमा चारवटा सिद्धान्तलाई आधार बनाएको छ। ती चार सिद्धान्त वा मुख्य क्षेत्र देहाय बमोजिम छन्ः-[१०]

(क) बालबालिकाप्रति भेदभाव रहित व्यवहार,
(ख) बालबालिकाको सर्वोत्तम हित,
(ग) बालबालिकाको दीर्घजीवन र विकास, र
(घ) बालबालिकाका विचार र भावनाको कदर अर्थात् सम्मानजनक बाल सहभागिता।

यस महासन्धिका अनुसार बालबालिका सम्बन्धी कानुनले पहिले नै साबालक हुन्छ भनी तोकिएकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानवलाई बालबालिका भनिन्छ।[११] नेपालमा पनि बालबालिकाको उमेरको सीमा १८ वर्ष कायम गरिएको छ। बालबालिका सम्बन्धी ऐन अनुसार बालबालिका भन्नाले अठार वर्ष पूरा नगरेको व्यक्तिलाई सम्झनु पर्छ।[१२] बाल अधिकार सम्बन्धी महासन्धि कार्यान्वयन गर्न सुरूमा २०४८ को ऐन जारी गरिएकोमा उक्त ऐनमा भएका प्रबन्धहरूलाई थप परिमार्जित र प्रगतिशील बनाई नेपालको संविधानको धारा ३९ मा प्रदान गरिएका अधिकार समेतलाई कार्यान्वयन गर्ने गरी २०७५ मा बालबालिका सम्बन्धी नयाँ ऐन जारी भएको हो।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने उद्देश्य राखिएको छ।[१३]संविधानको धारा ३९

---

[९] A summary of the rights under the Convention on the Rights of the Child(https://www.unicef.org/montenegro/en/reports/summary-rights-under-convention-rights-childहेरिएको मितिः २०८१ मङ्सिर १५ गते)

[१०] बाल अधिकार भनेको के हो?(https://www.unicef.org/nepal/ne/कथा/बाल-अधिकार-भनेको-के-होहेरिएको मितिः २०८१ मङ्सिर १५ गते)

[११] धारा१, बाल अधिकार सम्बन्धी महासन्धि, १९८९।

[१२] दफा २ को खण्ड (ज), बालबालिका सम्बन्धी ऐन, २०७५।

[१३] प्रस्तावना, बालबालिका सम्बन्धी ऐन, २०७५।

मा मौलिक हकको रूपमा व्यवस्था गरिएको बालबालिकाको हक कार्यान्वयन गर्न संवत् २०७५ साल असोज २ गते प्रमाणीकरण भएको यस ऐन कार्यान्वयनको ५ वर्ष व्यतीत भइसकेको छ।

उत्तरविधायिकी परीक्षण सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास तथा मापदण्ड र विधायन व्यवस्थापन समितिले स्वीकृत गरेको "ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान सम्बन्धी कार्यविधि, २०७५" मा आधारित भई समितिले पाँच वर्ष पूरा गरेका ऐनहरूको कार्यान्वयन मापन गरिरहेको पृष्ठभूमिमा यस कार्यान्वयन अवधिमा उक्त कानुनी व्यवस्था कार्यान्वयनका लागि सरकारले गरेका प्रयास तथा देखा परेका चुनौती समेतलाई अध्ययन गरी उक्त व्यवस्था गर्नुको विधायिकी मनसाय अनुरूप कार्यान्वयन भए, नभएको मूल्याङ्कन गरी कार्यान्वयनलाई प्रभावकारिता प्रदान गर्न सुझाव सिफारिस समेत गर्ने उद्देश्यले कार्यान्वयन मापन अध्ययनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ छनोट गरिएको हो। प्रस्तुत अध्ययनमा पूरा ऐनको कार्यान्वयन मापन नगरी बाल सहभागिता सम्बन्धी प्रबन्धहरूको मात्र मापन गरिएको छ।

## १.३ मापनको प्रश्न

बालबालिका सम्बन्धी ऐन, २०७५ नेपालको संविधानमा मौलिक हकका रूपमा अभिव्यक्त बालबालिकको हकलाई कार्यान्वयन गर्नका लागि जारी गरिएको कानुन हो। यो ऐन निर्माणको उद्देश्य संघीय व्यवस्था अनुरूपको कानुन निर्माण गरी बालबालिकाको मौलिक हकको संरक्षण गर्नु रहेको देखिन्छ। उक्त ऐनमा बाल अधिकारका महत्त्वपूर्ण धेरै प्रवधानहरू समेटिएका छन्, जसमध्ये सम्मानजनक बाल सहभागिता आकर्षित हुने दफाहरू समेत रहेका छन्। यस अध्ययन मूलतः उक्त ऐनमा रहेका सम्मानजनक बाल सहभागिता सम्बन्धी विषयमा केन्द्रित रहेको छ।

बाल सहभागिता बाल अधिकारका मुख्य ४ वटा खम्बामध्ये एक खम्बा रहेको छ। बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले निर्धारण गरेको मार्गनिर्देशक सिद्धान्तहरूमा समेत यस विषयलाई उल्लेख गरेको छ। नेपालको संविधानको धारा ३९ को उपधारा (३) मा *प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ* भन्ने उल्लेख छ। यस संवैधानिक प्रबन्धले बालबालिकाको सरोकार रहेका हरेक विषयमा बालबालिकाको सहभागिता हुने कुरालाई आत्मसात् गरेको छ। बालबालिका सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन निर्माण गर्दा बाल सहभागिताको दृष्टिबाट परीक्षण गरिनु पर्ने आशय र मूल्य यस उपधाराले बोकेको छ।

यस संवैधानिक प्रबन्धका अतिरिक्ता बालबालिका सम्बन्धी ऐनमा पनि बाल सहभागिता सम्बन्धी विषयहरू समावेश छन्। हरेक दफामा रहेका प्रबन्धको कार्यान्वयनमा बाल सहभागिता सुनिश्चित गर्नु पर्ने अवस्थाका अतिरिक्त बालबालिका सम्बन्धी ऐन, २०७५ का देहायका प्रावधानहरूमा बाल सहभागिता आकर्षित हुने देखिन्छः-

- ***प्रस्तावना:*** *बालबालिकाको अधिकारको सम्मान र बालबालिकाको सर्वोत्तम हितमा प्रतिबद्धता व्यक्त गरिएको।*
- ***दफा ४. नाम, राष्ट्रियता र पहिचानको अधिकारः*** *(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउनेछ।*
- *दफा ६.* ***बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकारः*** *(१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन।*

  *(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्म दिने बाबुआमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ।*

- *दफा ८.* ***सहभागिताको अधिकारः*** *आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ।*
- *दफा९.* ***अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारः*** *(१) प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ।*

  *(२) प्रत्येक बालबालिकालाई प्रचलित कानुनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ।*

- *दफा १०.* ***संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारः*** *(१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्धनको लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ।*
- *दफा १४.* ***खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकारः*** *(१) प्रत्येक बालबालिकालाई निजको उमेर र रूची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ।*

  *(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ।*

  *(४) प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ।*

- दफा १५. **<u>शिक्षाको अधिकार</u>**: (३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानुन बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत शिक्षा पाउने अधिकार हुनेछ।
- दफा २०. **<u>बाल न्याय सम्पादन गर्दा विचार गर्नु पर्ने कुराहरू</u>**: बाल न्याय सम्पादन कार्यमा संलग्न व्यक्ति, पदाधिकारी र बाल अदालतले न्याय सम्पादनको सिलसिलामा यस ऐनमा अन्यत्र उल्लिखित कुराका अतिरिक्त देहायका कुराहरू विचार गर्नु पर्नेछ :—

  (क) बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने,

  (ग) बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र सांस्कृतिक मूल्य मान्यता अनुरूपको बोली, वचन र व्यवहार गर्ने,

- दफा २६. **<u>सुनुवाइको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकार</u>**: (१) बालबालिकालाई कसुरजन्य कार्यको अनुसन्धान तथा मुद्दाको सुनुवाइको सिलसिलामा प्रचलित कानुन तथा यस ऐनमा अन्यत्र उल्लिखित अधिकारका अतिरिक्त देहायको अधिकार प्राप्त हुनेछ :—

  (क) आफूविरूद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत प्राप्त गर्ने,

  (झ) न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,

- दफा २७. **<u>दिशान्तर गर्न सक्ने</u>**: (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिब देखिएमा देहायको अवस्थामा देहायका अधिकारीले कसुरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्नेछ :—

  (३) दिशान्तरको आदेशमा चित्त नबुझेमा बालबालिका वा संरक्षकले उपदफा (१) को खण्ड (क) र (ख) को हकमा बाल अदालतमा र खण्ड (ग) को हकमा उच्च अदालतमा निवेदन दिन सक्नेछ।

- दफा २८. **<u>दिशान्तर गर्दा विचार गर्नु पर्ने</u>**: दिशान्तर गर्दा देहायका कुरा विचार गर्नु पर्नेछः—

  (क) बालबालिकाले कसुरजन्य कार्य गरेको स्वीकार गरेको,

- *दफा २९. **<u>दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रियाः</u>** (१) दिशान्तर गर्दा बालबालिकाको इच्छा समेतलाई विचार गरी देहाय बमोजिमको एक वा एकभन्दा बढी उपयुक्त प्रक्रिया अवलम्बन गरिनेछ :—*

    *(ज) बालबालिकालाई कुनै तालिम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने।*
- *दफा ३८. **<u>सुधार अवधि घटाउन वा छूट दिन सक्नेः</u>** (१) बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण वा निगरानीमा बसेका बालबालिकाको व्यवहारमा सन्तोषजनक सुधार आएमा बाल कल्याण अधिकारीले त्यस्तो बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन बाल अदालत समक्ष सिफारिस गर्न सक्नेछ।*
- *दफा ६५. **<u>बालबालिकाको अधिकार प्रचलन गराउनेः</u>** (१) दफा ६४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले परिच्छेद-२ बमोजिमको बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद-३ बमोजिमको बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले सम्बन्धित उच्च अदालतमा सोझै निवेदन दिन सक्नेछ।*
- *दफा ८०. **<u>कानुन व्यवसायी नभएमा मुद्दाको कारबाही र किनारा नहुनेः</u>** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बालबालिकाको विरुद्ध लगाइएको कसुरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानुन व्यवसायी नियुक्त नभएसम्म बाल अदालतले त्यस्तो मुद्दाको कारबाही र किनारा गर्ने छैन।*

संविधानमै मौलिक हकको कार्यान्वयनका लागि तीन वर्षभित्र कानुनी व्यवस्था गर्ने[१४] प्रबन्ध गरिएका कारण समयमै ऐन जारी भएको र यससँग सम्बन्धित विषयहरूमा पाँच वर्ष पूरा हुँदासम्म के-कस्तो कार्यान्वयन भइरहेको छ ?के कति  प्रभाव परेको छ? थप सुधारका क्षेत्रहरू पहिल्याई सम्मानजनक बाल सहभागिता सहित बाल अधिकार सुनिश्चित गर्ने गराउने दायित्व पूरा गर्नु पर्ने अवस्थाका कारण ऐनमा रहेका बाल सहभागिता सम्बन्धी व्यवस्थाहरू समितिको अध्ययनको विषयको रूपमा चयन गरिएको हो।

प्रस्तुत अध्ययन मूलतः ऐनमा रहेका बाल सहभागिता सम्बन्धी विषयसम्बद्ध देहायका प्रश्नमा केन्द्रित छः-

- ऐनमा व्यवस्था भए अनुसार सम्मानजनक बाल सहभागिता सुनिश्चित गर्ने विधायिकी उद्देश्य पूरा भएको छ वा छैन?

---

[१४]धारा ४७, नेपालको संविधान।

- प्रस्तुत कानुनी प्रबन्धको प्रभाव, त्यसको कार्यान्वयन र सुधारका क्षेत्रहरू के कस्ता रहेका छन् ?

### १.४ मापनको उद्देश्य

कानुन कार्यान्वयन मापन प्रयोजनार्थ प्रस्तुत अध्ययनका उद्देश्यहरू देहाय बमोजिम छन्:-

- ऐनमा व्यवस्था भएका बाल सहभागिता सम्बन्धी विषयमा सरकारी प्रयासहरू अध्ययन गरी कानुन कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्ने, र
- कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र कानुनी प्रबन्ध वा कार्यान्वयन प्रणालीमा सुधारका लागि सुझाव सिफारिस गर्ने ।

### १.५ मापनको महत्त्व

उत्तरविधायिकी चरणको कानुन कार्यान्वयन मापन समग्र विश्वमै नयाँ अवधारणाको रूपमा रहेको छ। लोकतान्त्रिक मुलुकहरूमा सीमित सरकारको अवधारणालाई साकार पार्ने सन्दर्भमा सरकार विधायिका निर्मित कानुनको सीमाभित्र रही क्रियाशील हुनु पर्ने र विधायिकानिर्मित कानुनको कार्यान्वयन पनि विधायिकी मनसाय अनुरूप हुनु पर्दछ भन्ने मानिन्छ। त्यसैले कानुन निर्माण गर्नु पछाडिको उद्देश्य त्यसको कार्यान्वयनबाट हासिल हुन सक्यो वा सकेन भनी गरिने प्रस्तुत अध्ययन आफैंमा महत्त्वपूर्ण रहेको छ।

मौलिक हक सम्बन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गर्न लागु गरिएको बालबालिका सम्बन्धी ऐन संविधान कार्यान्वयनका दृष्टिकोणले समेत महत्त्वपूर्ण रहेको छ। सम्मानजनक बाल सहभागिता सहित बाल अधिकारको विषय हाम्रा अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धतासँग समेत आकर्षित हुने विषयको रूपमा समेत रहेको छ। अध्ययनको विषयमा सरकारी तवरबाट भएका प्रयासहरूको समीक्षा र सुधारको मार्ग समेत प्रस्तुत गर्ने हुँदा कानुन कार्यान्वयन मापन प्रयोजनार्थ भएको प्रस्तुत अध्ययन आफैंमा महत्त्वपूर्ण रहेको छ।

### १.६ कार्यान्वयन मापनको सीमा

प्रस्तुत कानुन कार्यान्वयन मापन अध्ययनको दायरा राज्यका सबै तह र निकायमा बाल सहभागिता सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयन अवस्थाको मापन गर्नु पर्ने रहेकोमा नमूनाका रूपमा पाँचवटा प्रदेशका सीमित सरोकारवालासँग गरिएको छलफल तथा सुझावका आधारमा अध्ययन गरिएको छ। बाल अधिकारका धेरै विषयहरू अन्तरसम्बन्धित भए तापनि यस कार्यान्वयन मापनमा बाल सहभागिता सम्बन्धी अधिकारको कार्यान्वयन अवस्थाको मात्र मापन गरिएको छ।

### १.७ मापन प्रक्रियाको समयावधि

यस कार्यान्वयन मापन कार्यलाई प्रारम्भ भएको छ महिनाभित्र सम्पन्न गर्ने योजना राखिएको थियो। तर संसदका महत्त्वपूर्ण काम कारबाहीको व्यस्तता समेतका कारण अपेक्षितभन्दा यसले केही बढी समय व्यतित गरी सम्पन्न भएको छ।

# परिच्छेद-२
# सन्दर्भ सामग्रीको अध्ययन

बाल सहभागिता सम्बन्धमा रहेका सन्दर्भ सामग्रीका रूपमा रहेका दस्तावेजहरूको अध्ययन यस परिच्छेदमा प्रस्तुत गरिएको छ। बालबालिका केन्द्रित रहेर विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरू कार्यान्वयनमा रहेका छन्। यहाँ उक्त दस्तावेजहरूमा रहेका बाल सहभागिताका विषयहरूलाई प्रस्तुत गरिएको छ।

## २.१ बालअधिकार सम्बन्धी महासन्धि, १९८९

बालबालिका सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा कुल ५२ वटा धारा रहेका छन्। मूलतः बाल अधिकार, बाल संरक्षण, बाल सहभागिता र बाल न्यायका क्षेत्रमा विभिन्न व्यवस्था रहेका छन्। संयुक्त राष्ट्रसंघ महासभाले सन् १९८९ नोभेम्बर २० मा पारित गरेको र सन् १९९० सेप्टेम्बर २ देखि कार्यान्वयनमा आएको यो महासन्धि विश्वमै सबैभन्दा बढी मुलुकहरूले अनुमोदन गरेको मानव अधिकार सम्बन्धी कानुनी दस्तावेज हो। नेपालले यसलाई सन् १९९० मा अनुमोदन गरेको थियो।यस सन्दर्भमा मूलतः बाल सहभागिताका विषयहरूलाई देहाय बमोजिम संक्षेपीकरण गरी प्रस्तुत गरिएको छः-

- महासन्धिको प्रस्तावनामा बालबालिकालाई सक्रिय, सक्षम र सम्मानित व्यक्तिका रूपमा हेर्नु पर्ने आधारभूत दृष्टिकोण प्रस्तुत गर्दै आफ्नो जीवन र विकाससँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी गराउनु पर्ने सैद्धान्तिक मान्यतालाई स्वीकार गरी बाल सहभागिता सम्बन्धी देहायका प्रबन्ध समेटिएका छन्ः-
    - **सर्वाङ्गीण विकासमा सहभागिता**ः शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक, सामाजिक र मनोवैज्ञानिक विकासका लागि उचित वातावरण हुनुपर्ने र बालबालिकालाई निष्क्रिय प्राप्तकर्ताको रूपमा नभई, उनीहरूको क्षमता र चाहना अनुसार विकासमा सक्रिय रूपमा सहभागी गराउनु पर्ने,
    - **अलग अस्तित्वको स्वीकारोक्ति**ः व्यक्तिगत पहिचान र मर्यादा भएको छुट्टै अस्तित्वको रूपमा स्वीकार गर्दै उनीहरूको कुरा सुन्ने र उनीहरूका विचारलाई महत्त्व दिने,
    - **परिवार र पारिवारिक निर्णयमा सहभागिता**ः विकास र संरक्षणको लागि प्राथमिक एकाइका रूपमा परिवारभित्र बालबालिकाको विचारलाई सम्मान गर्दै निर्णय प्रक्रियामा सहभागी गराउनु पर्ने र बालबालिकाको हितलाई केन्द्रमा राख्ने,
    - **शान्ति र अन्तर्राष्ट्रिय सहयोग**ः बालबालिकाको जीवनमा शान्ति र आपसी समझदारीको महत्त्वमा जोड दिँदै शान्ति निर्माण र अन्तर्राष्ट्रिय सहयोगका क्रियाकलापमा भविष्यका नागरिकका रूपमा बालबालिकालाई सहभागी गराउनु पर्ने,

- धारा ७ ले बालबालिकाको नाम र राष्ट्रियताको अधिकार सम्बन्धमा व्यवस्था गरेको छ। यस धारामा सबै बालबालिकालाई जन्मेपछि नाम राख्न पाउने अधिकार हुने, सबै बालबालिकालाई जन्म दर्ता गर्ने र आफ्नो देश तथा आफ्नो बाबुआमाका बारेमा थाहा पाउने अधिकार हुने र बालबालिकालाई सकेसम्म अभिभावकबाट स्याहार पाउने अधिकार हुने व्यवस्था छ।
- धारा १२ मा आफूलाई असर पार्ने कुनै पनि काम कुरा गर्दा तथा निर्णय गरिँदा बालबालिकालाई विचार व्यक्त गर्न पाउने अधिकार हुने, बालबालिकालाई बढ्दो उमेर, परिपक्वता र विकासको स्तर अनुसार मान्यता दिनु पर्ने र बालबालिकालाई विचार व्यक्त गर्न अवसर दिनु सबैको कर्तव्य हुने व्यवस्था गरिएको छ।
- धारा १५ ले अरूको अधिकार हनन् नहुने गरी बालबालिकालाई भेटघाट गर्न, संघ, संस्था खोल्न र संघ, संस्थामा भाग लिन पाउने अधिकार प्रदान गरी सरकारले संघ, संस्था खोल्न र शान्तिपूर्वक भेला हुन पाउने बाल अधिकारको सम्मान गर्नु पर्ने व्यवस्था गरेको छ।
- धारा ३१ ले हरेक बालबालिकालाई आराम गर्ने, खेल्ने अधिकार हुने र बालबालिकालाई सांस्कृतिक र कलासम्बन्धी क्रियाकलापमा भाग लिन दिनु पर्ने व्यवस्था गरेको छ।

## २.२ नेपालको संविधान

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। त्यसमध्ये प्रारम्भिक बाल विकास र बाल सहभागिता एक हो। संविधानको धारा ३९ ले बालबालिकाको हकको व्यवस्था गर्दै प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्म दर्ताको हक, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक, प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक र प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने व्यवस्था छ।

त्यस्तै धारा ५१ मा रहेका राज्यका नीतिहरू अन्तर्गत खण्ड (ज) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने उल्लेख छ।

## २.३ राष्ट्रिय बालबालिका नीति, २०८०

राष्ट्रिय बालबालिका नीति, २०८० ले परिवार, समुदाय, संस्थागत तथा शासकीय तहमा बाल सहभागिता प्रवर्धन गर्ने नीति अङ्गिकार गरेको छ। सो नीति कार्यान्वयन गर्न देहायका चार रणनीति र रणनीति कार्यान्वयन गर्न कार्यनीति अघि सारेको छः

क. विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका, हिंसा तथा दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने।

- बाल संरक्षण सम्बन्धी प्रभावकारी तथा समन्वयात्मक सेवा प्रवाहका लागि बाल संरक्षण संयन्त्रबीचको समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ।
- विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका र हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण व्यवस्थापनका लागि स्थानीय तहमा बाल कोषको स्थापना र परिचालनमा जोड दिइनेछ। बाल संरक्षण तथा पुनर्स्थापनाका क्षेत्रमा स्थानीय र प्रदेश सरकारको लगानीलाई प्रोत्साहित गरिनेछ।
- विपन्न, दलित, अपाङ्गता भएका, कसुरबाट पीडित तथा प्रभावित यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक लगायतका बालबालिकाविरुद्ध विभेद गर्ने एवं लाञ्छना लगाउने जस्ता कार्यलाई कानुनी दायरामा ल्याउन सहजीकरण गर्ने तथा यसको अन्त्यका लागि सचेतना अभिवृद्धि गरिनेछ।
- हिंसा, दुर्व्यवहार र कसुरबाट पीडित तथा प्रभावित विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई राज्यबाट विशेष राहत, उद्धार, क्षतिपूर्ति, तत्काल संरक्षण तथा व्यवस्थापन, उपचार सहायता लगायतका सेवा सुविधाको व्यवस्था गरिनेछ।
- अटिजमलगायत सबै किसिमका अपाङ्गता भएका बालबालिकालाई विशेष संरक्षाण र विकास गर्नका लागि रोकथाममूलक, उपचारात्मक र प्रवर्धनात्मक कार्यमा थप जोड दिइनेछ। अपाङ्गता भएका बालबालिकाताई परित्याग गर्ने, बेवास्ता गर्ने वा घरमा नै थुनेर राख्ने जस्ता कार्यको अन्त्यका लागि सचेतना अभिवृद्धि गरिनेछ।
- बालगृहहरूको नियमित अनुगमन गरी कानुनविपरीत बालगृहमा राखिएका बालबालिकाको उद्धार तथा व्यवस्थापन गरिनेछ। बालबालिकालाई कानुनविपरीत ओसारपसार गर्ने व्यक्ति एवं संस्थालाई कानुनी दायरामा ल्याइनेछ।
- सङ्घ, प्रदेश र स्थानीय तहबाट सडक बालबालिका, बालश्रमिक, लागुऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुनर्स्थापनाका लागि निजीक्षेत्र, गैरसरकारी सङ्घ, संस्था तथा समुदायसँग समन्वय तथा सहकार्य गरी निरोधमक उपचारात्मक, मनोविमर्शात्मक उपायका साथै सिपमूलक तालिम तथा पुनर्स्थापना लगायतका कार्य सञ्चालन गरिनेछ।
- सबै प्रकारका बालश्रम निवारणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- बालबालिकालाई अनलाइनबाट हुन सक्ने दुर्व्यवहारबाट सुरक्षित गर्न सचेतना तथा मनोविमर्श सेवा सञ्चालन गरिनेछ। विद्यालयको पाठ्यक्रममा विद्युतीय माध्यमबाट हुनसक्ने दुर्व्यवहारका विषय समावेश गरिनेछ।
- बाबुआमा तथा अभिभावकविहीन र हेरचाह गर्ने कोही पनि नभएका, विपन्न एकल अभिभावकका बालबालिका, कैद सजाय भोगिरहेका अभिभावकसँग आश्रित

बालबालिका, बाबुआमा फेला पर्न नसकेका बालबालिकाको अभिभावकत्व सरकारले ग्रहण गरी वैकल्पिक स्याहार तथा आवश्यक संरक्षणका लागि पारिवारिक सहयोगको व्यवस्था गरिनेछ।

- बाबुआमा गुमाएका वा बेवारिसे भएका बालबालिकालाई स्वदेशमा धर्मपुत्र धर्मपुत्रीको रूपमा राख्ने कार्यलाई प्रोत्साहन गरिनेछ। धर्मपुत्र, धर्मपुत्री सम्बन्धी प्रक्रियालाई पारदर्शी तथा बालबालिकाको सर्वोतम हित अनुकूल हुने गरी व्यवस्थित गरिनेछ।
- विपद्को समयमा बाल संरक्षण पूर्वतयारी तथा प्रतिकार्यप्रणाली प्रभावकारी बनाइनेछ।
- नेपालभित्र फेलापरेका कसुर पीडित तथा बेवारिसे विदेशी बालबालिकालाई निजको आफ्नो देश फिर्तिका लागि समन्वय र सहजीकरण गरिनेछ।
- बालबालिकामा मद्यपान, धुमपान, सुर्तीजन्य पदार्थको सेवनजस्ता कुलतको प्रभाव पर्न नदिन विद्यालय, बालगृह, अस्थायी संरक्षण केन्द्र, बाल सुधार गृहको पाँच सय मिटरको क्षेत्रमा त्यस्ता वस्तुको सेवन तथा बेचबिखनलाई निषेध गरिनेछ। बालबालिकालाई मद्यपान, धुमपान, सुर्तीजन्य पदार्थको बेचविखनमा संलग्न हुन पूर्ण रूपमा निषेध गरिनेछ। यस्तो कार्यमा संलग्न गराउनेलाई कानुनी दायरामा ल्याइनेछ।

ख. जोखिममा रहेका बालबालिकालाई जोखिम न्यूनीकरणका लागि सचेतना तथा उपलब्ध सेवा सुविधामा बालबालिकाको पहुँच बढाउने।

- सबै बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गर्न जन्म दर्ता र नागरिकता प्राप्त गर्ने प्रक्रिया सरल र सहज बनाइनेछ। बालबालिकाको जोखिम नक्साङ्कन प्रणाली र सूचकको निर्माण गरी जोखिम नक्साङ्कनको आधारमा सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।
- जोखिममा रहेका बालबालिकाको जोखिम न्यूनीकरणका लागि स्थानीय तहको बालकोषको परिचालन गरिनेछ।
- बालबालिकाको आवागमनलाई सुरक्षित गर्न सीमा नाका, बसपार्क तथा सहरका प्रवेशद्वारमा प्रहरीबाट हुने चेकजाँचलाई बालमैत्री तथा बाल संरक्षण लक्षित बनाइनेछ।
- आर्थिक, सामाजिक, सांस्कृतिक र शारीरिक कारणले कठिन अवस्थामा रहेका तथाविशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका, बहुविभेदका सिकार भाएका बालबालिकालक्षित सामाजिक सुरक्षा कार्यक्रमको विस्तार गरिनेछ। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाले प्रचलित कानुन बमोजिम प्राप्त गर्ने कागजात आफ्नो लैङ्गिक पहिचान खुल्ने गरी पाउने व्यवस्था गर्न सहजीकरण गरिनेछ।

- लिङ्ग पहिचान गरी कानुनविपरीत गरिने गर्भपतनलाई कानुनी दायरामा ल्याइनेछ। यस्तो कार्य गर्ने गराउने विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- गर्भमा रहेका तथा शिशु अवस्थाका बालबालिकाको आधारभूत स्याहारका विषय र बालबालिकाले पाउनु पर्ने आधारभूत खाना, पोषण, शिक्षा, स्वास्थ्य, आवास, खोप जस्ता उपलब्ध सेवासुविधाको उपभोगका लागि गरिबी, भौगोलिक विकटता, सचेतनाको कमी, सेवा सुविधाको कमी, पारिवारिक विखण्डनजस्ता कारणबाट वञ्चित हुनु नपर्ने गरी आवश्यक सेवा सुविधामा पहुँच अभिवृद्धि गरिनेछ।
- विपदको समयमा बालबालिकाको जोखिम मूल्याङ्कन, सेवा प्रवाहको व्यवस्था र संरक्षण तथा अनुगमनका लागि स्थानीय स्तरमा बाल संरक्षण समूहको गठन गरी स्वयंसेवक परिचालन गरिनेछ।

ग. धर्म, संस्कृति तथा परम्पराको नाममा हुने हरेक प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य गर्ने।

- बालविवाह लगायत छाउपडी, देउकी, झुमाजस्ता प्रथा, परम्पराका नाममा हुने हानिकारक अभ्यासको अन्यका लागि सङ्घ, प्रदेश, स्थानीय तह सञ्चार मध्यम, निजी क्षेत्र, सामाजिक अगुवा, समुदायमा आधारित संस्था तथा सञ्जालको प्रभावकारी परिचालन गरिनेछ।
- परम्परागत हानिकारक अभ्यासलगायत बालविवाहसम्बन्धी घटनाको सूचना, जानकारी वा उजुरी प्रक्रियालाई सरलीकृत बनाइनेछ।
- बालविवाह लगायत परम्परागत हानिकारक अभ्यासको कारण जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गरिनेछ।
- छाउपडी प्रथा जस्ता हानिकारक अभ्यासको कारण बालबालिकामा हुन सक्ने स्वास्थ्य समस्याको बारेमा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- बालविवाहका कारणको पहिचान गरी निरोधात्मक कार्य स्थानीय तहको सक्रियतामा सञ्चालन गरी बालविवाहमुक्त स्थानीय तह घोषणा गर्न उत्प्रेरित गरिनेछ।
- प्रदेश सरकार र स्थानीय तहको सक्रियतामा बीस वर्ष पुगेपछि मात्र विवाह गर्न किशोरीहरूलाई उत्प्रेरित गर्ने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालनमा ल्याइनेछ।
- बालबालिकाले आफूखुसी गर्ने विवाहलाई नियन्त्रण गर्न बाल क्लब वा सञ्जाल एवं किशोरकिशोरी सञ्जालको परिचालन गरी दौतरी शिक्षालाई प्रोत्साहन गरिनेछ।
- सन् २०३० सम्म बालविवाह अन्यका लागि मौजुदा रणनीतिमा परिमार्जन गरी लगानी सहितको कार्यान्वयन कार्ययोजना तर्जुमा गरिनेछ।

- बलात्कार, बाध्यात्मक बसाइसराइ, बालश्रम तथा बेचबिखनजस्ता सवालसमेत बाल विवाहसँगै जोडिएर आउने भएकोले यस्तो कार्य गर्ने, गराउने, प्रोत्साहन गर्ने वा बाल विवाहमा सहभागी हुने समेतलाई कानुनी दायरामा ल्याइनेछ।

घ. बालबालिकालाई हुने शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, ओसारपसार तथा बेचबिखनको अन्त्य गर्न सङ्घ, प्रदेश, स्थानीय तह र समुदायका सरोकारवाला समेतलाई सशक्त बनाउँदै प्रतिकार्य र सचेतना अभिवृद्धि गर्ने।

- शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम बालबालिकाको ओसारपसार तथा बेचबिखनको अन्त्यका लागि सङ्घ, प्रदेश, स्थानीय तहका बाल अधिकार तथा संरक्षण संयन्त्रहरू, सञ्चार माध्यम, निजी क्षेत्र, समुदायमा आधारित संस्था तथा सञ्जालको प्रभावकारी परिचालन गरिनेछ।
- स्थानीय तहमा नै शारीरिक दण्ड सजाय, विद्युतीय माध्यमबाट हुने दुर्व्यहार, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखन सम्बन्धी घटनाको सूचना, जानकारी वा उजुरी दिन व्यक्ति परिवार, समुदाय वा जोसुकैलाई प्रोत्साहन गरिनेछ र प्रतिकार्य चुस्त दुरुस्त बनाइनेछ।
- शारीरिक दण्ड सजाय, विद्‌युतीय माध्यमबाट हुने दुर्व्यवहार, बालश्रम, बालबालिकाको ओसारपसार तथा बेचबिखनका कारण जोखिममा परेका बालबालिकाको तत्काल संरक्षणको व्यवस्था मिलाई कानुनी प्रतिरक्षा गरिनेछ। बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाउने व्यवस्थाको सुनिश्चितता गरिनेछ।
- शारीरिक दण्ड सजाय तथा बालश्रमबाट बालबालिकामा हुन सक्ने जोखिम तथा हानिको बारेमा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै स्थानीय तहलाई बालश्रममुक्त स्थानीय तह बनाउँदै लगिनेछ। बालबालिकाविरुद्धको विद्युतीय माध्यमबाट हुने दुर्व्यवहार अन्त्यका लागि अनलाइन बाल सुरक्षा सम्बन्धी निर्देशिका तर्जुमा गरी लागु गरिनेछ।
- जुनसुकै कारणले विस्थापित बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी उनीहरूलाई आधारभूत सुविधामा पहुँच सहज बनाइनेछ।

## २.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा विकास योजना बनाउँदा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने विषयलाई प्राथमिकता दिनु पर्ने व्यवस्था गरेको छ। साथै गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा बालबालिकाको अधिकतम सहभागितामा गर्नु पर्ने व्यवस्था समेत गरेको छ।

## २.६ सोह्रौं योजना

सोह्रौं योजनाका अनुसार हाल नेपालमा १८ वर्षमुनीका बालबालिकाको सङ्ख्या कुल जनसङ्ख्याको ३४.८ प्रतिशत पुग्नु पर्नेमा १ दशमलव ५ प्रतिशतले घटेको उल्लेख गरेको छ। बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक लगायत सर्वाङ्गीण विकासका लागि विभिन्न कार्यक्रम प्रक्षेपण गरेको छ। योजनाले एउटा प्रमुख कार्यक्रमका रूपमा बाल अधिकार संरक्षण तथा प्रवर्धन कार्यक्रम[१५] राखेको छ। यस अन्तर्गत सबै प्रकारको बालश्रमको अन्त्यका लागि सबै उद्योग, कलकारखाना, व्यवसायका क्षेत्रमा स्वीकृति तथा नवीकरणका समयमा बालश्रममुक्त कार्यस्थल सुनिश्चित गर्न पूर्वपरीक्षण अनिवार्य लागु गर्ने; बेवारिसे, परित्यक्त, अभिभावकविहीन तथा विशेष सरक्षणको आवश्यकता भएका बालबालिकालाई सम्बन्धित स्थानीय तहबाट नै वैकल्पिक हेरचाहको व्यवस्था गर्ने प्रणाली स्थापना गर्ने; बालमैत्री स्थानीय शासन प्रवर्धनका कार्यक्रमहरू मार्फत बालअधिकार प्रवर्धन तथा सुदृढ गर्ने; बाल क्लब, बाल सञ्जाल, किशोरकिशोरी समूह, स्काउट जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिकाको सामाजिक उत्तरदायित्व बोध तथा स्वावलम्बी जीवनपद्धतिको सिकाइसम्बन्धी सहभागिता बढाउने; सूचना प्रविधि तथा सामाजिक सञ्जालको दुरूपयोगबाट हुने हिंसाको नियमन र नियन्त्रणका लागि कानुनी व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गर्ने; बाल सुधार गृहलाई न्यूनतम मापदण्डका आधारमा वर्गीकरण गर्दै न्युनतम सेवा सहित प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने; बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने व्यवस्थाको कार्यान्वयन गर्ने; सरल, सहज एवम् बालबालिका तथा अभिभावकमैत्री बाल न्याय निरूपण गर्ने; बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बाल विकास कार्यक्रममा सबै वर्ग र समदुायको पहुँच तथा उपभोग अभिवृद्धि गर्ने; दलित बालबालिकाको शिक्षाको गुणस्तर र सिकाइ अभिवृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने विषयहरू समावेश छन्।

[१५] लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज शीर्षकअन्तर्गत प्रमुख कार्यक्रम संख्या ६, पेज १७२, सोह्रौ योजना, राष्ट्रिय योजना आयोग।

# परिच्छेद-३
# मापनका चरण तथा कार्यक्रम

कानुन कार्यान्वयन मापन वा उत्तरविधायिकी चरणको कार्यान्वयन परीक्षण एउटा निश्चित विधि र प्रक्रियामा आधारित अध्ययन, अनुसन्धानको कार्य हो। नेपालमा विधायन व्यवस्थापन समितिले पहिलो पटक परीक्षण विधिको ढाँचा समेत निर्माण गरी परीक्षण कार्य सञ्चालन गर्दै आएको छ। प्रस्तुत अध्ययन उत्तरविधायिकी परीक्षण सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास एवं समितिबाट निर्धारित कार्यविधि बमोजिमका चरणहरूमा आधारित छ।यस परीक्षणमा उल्लिखित विभिन्न चरणका कार्यहरू निम्नानुसार सम्पादन भएको छः-

## ३.१. ऐनको छनोट

समितिले बालबालिका सम्बन्धी ऐन कार्यान्वयनको छ वर्ष पूरा भएको सन्दर्भमा उक्त ऐनमा रहेका बाल सहभागितासँग सम्बन्धित कानुनी व्यवस्थाको कार्यान्वयन मापन अध्ययन गर्न सान्दर्भिक हुने ठानी समितिको मिति २०८१ जेठ १६ गतेको बैठकले परीक्षण कार्यका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ का विभिन्न दफाहरूमा रहेका बाल सहभागिता सम्बन्धी विषयको कार्यान्वयन मापन गर्ने निर्णय गरेको थियो।

## ३.२. ऐनको पृष्ठभूमि

संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रबन्ध गरेको छ। मौलिक हक कार्यान्वयनको लागि आवश्यक कानुन निर्माण गरीसक्नु पर्ने समय सीमा[१६] समेत संविधानमा नै उल्लेख भएको सन्दर्भ समेतले यो ऐन निमार्ण गर्न सरकारलाई प्रेरित गरेको देखिन्छ। नेपाल बाल अधिकार सम्बन्धी महासन्धिको पक्षराष्ट्र भएसँगै जारी भएको बालबालिका सम्बन्धी ऐन, २०४८ ले नेपालको संविधान जारी भएपश्चातको परिवर्तित सन्दर्भलाई सम्बोधन गर्न नसकेको हुँदा परिमार्जन र केही अवधारणागत रूपान्तरण सहित बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको देखिन्छ।[१७]

ऐनले बालअधिकार र बालबालिकाको संरक्षणका लागि विभिन्न व्यवस्था गरे तापनि यस अध्ययनमा ऐनमा गरिएका बाल सहभागिता सम्बन्धी प्रबन्धहरूको मात्र कार्यान्वयन मापन गरिएको छ।

---

[१६]नेपालको संविधानको धारा ४७ मा मौलिक हकहरूको कार्यान्वयनका लागि संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्ने वाध्यात्मक प्रबन्ध रहे बमोजिम संविधान जारी भएको मिति २०७२ आश्विन ३ बाट तीन वर्ष पूरा हुने मिति २०७५ आश्विन २ मा बालबालिका सम्बन्धी ऐन, २०७५ समेतका ऐनहरू प्रमाणीकरण भई सोही मितिबाट प्रारम्भ भएका थिए।

[17] ऐनले राष्ट्रियता र पहिचान सम्बन्धी अधिकार, विचार तथा अभिव्यक्ति र स्वतन्त्रताको अधिकार, खेलकुद मनोरञ्जन र सांस्कृतिक अधिकार, कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर, सजाय स्थगन, सजायको स्वरूप परिवर्तन, प्रोवेशन र प्यारोल लगायतका थप प्रगतिशील अधिकार तथा बालमैत्री प्रबन्धहरू समावेश गरेको पाइन्छ।

## ३.३. कानुन कार्यान्वयनकारी निकायको पहिचान

यस कार्यान्वयन मापन कार्यमा उल्लिखित ऐनको कार्यान्वयनकारी निकायका रूपमा समितिले बालबालिकाका विषयसँग देहायका संघीयस्तरका निकायलाई कानुन कार्यान्वयनकारी निकायको रूपमा पहिचान गरिएको थियोः-

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
- कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय,
- गृह मन्त्रालय,
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
- सर्वोच्च अदालत, र
- महान्यायाधिवक्ताको कार्यालय।

साथै प्रदेश र स्थानीय तहलाई पनि कानुन कार्यान्वयनकारी निकायको रूपमा पहिचान गरिएको थियो।

## ३.४. विवरण सङ्कलन

ऐनको बाल सहभागिता सम्बन्धी प्रबन्धको कार्यान्वयनको अवस्था अध्ययन गर्ने सम्बन्धमा ऐन जारी गर्दाका बखत उक्त दफाको प्रबन्ध गर्नुको औचित्य किटान गरिएको व्याख्यात्मक टिप्पणी अनुरूप ऐनको उक्त प्रबन्ध कार्यान्वयन भए, नभएको मापनका लागि सम्बन्धित कानुन कार्यान्वयनकारी निकायबाट कार्यान्वयनको प्रगति माग गरिएको थियो। त्यसका साथै बाल सहभागिता सम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति हेर्न नमूनाका रूपमा केही स्थलहरूको स्थलगत अध्ययन र विषयविज्ञ तथा सरोकारवालासँग छलफल समेत गरिएको थियो। त्यसका अतिरिक्त यसै विषयमा विभिन्न पूर्वप्रकाशित स्रोत सामग्रीमा उपलब्ध तथ्य, तथ्याङ्क र विवरणहरूलाई समेत तथ्याङ्कको स्रोतको रूपमा प्रयोग गरिएको छ। स्थलगत अध्ययनका क्रममा तथ्याङ्क सङ्कलनका लागि प्रश्नावलीको प्रयोग, समूहकेन्द्रित छलफल जस्ता औजारहरू समेतको उपयोग गरी संख्यात्मक तथा गुणात्मक प्रकृतिका तथ्याङ्क सङ्कलन गरिएको थियो।

## ३.५ प्रत्यायोजित विधायनको समीक्षा

कानुन कार्यान्वयन मापन कार्यमा प्रत्यायोजित विधायनको समीक्षा ज्यादै महत्त्व राख्ने कार्य हो। यस कार्यमा ऐनले प्रदत्त गरेका प्रबन्धलाई कार्यान्वयन गर्नका लागि कार्यविधिगत विषयमा निर्देशित गर्ने र मूल कानुनले सारभूत रूपमा प्रदान गरेको हकलाई कार्यान्वयनमा ल्याउने विधि तथा त्यसमा

प्रयुक्त ढाँचा समेतका लागि नियमावली समेतका प्रत्यायोजित विधायन निर्माण गर्ने गरी सरकारलाई अधिकार प्रत्यायोजन गरिएको हुन्छ। कानुन कार्यान्वयन मापन अध्ययनमा प्रत्यायोजित विधायन अध्ययन महत्त्वपूर्ण मानिन्छ। ऐनका प्रबन्धले र प्रत्यायोजित विधायनका व्यवस्थाहरूमा तादात्म्यता राख्छ वा राख्दैन सोको परीक्षण गरिन्छ। ऐनका प्रबन्धहरूको संकुचन वा अनपेक्षित विस्तार प्रत्यायोजित विधायनमा गरिनु हुँदैन। नियमावलीमा खास गरी ऐन कार्यान्वयनका लागि आवश्यक प्राविधिक पक्षका व्यवस्थाको अपेक्षा गरिन्छ।

प्रस्तुत ऐन कार्यान्वयका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ र बाल न्याय कार्यसम्पादन नियमावली, २०७६ कार्यान्वयनमा रहेका छन्।

### ३.६. स्थलगत अध्ययन कार्यक्रम

यस कानुन कार्यान्वयन मापन कार्यको सरोकार क्षेत्र र सरोकार समुदाय व्यापक भए तापनि प्रतिनिधिमूलक रूपमा पाँचवटा प्रदेशका विभिन्न निकायलाई नमूनाको रूपमा छनोट गरी कार्यक्रम गरिएको थियो। २०८२ साल बैशाख १५ देखि १८ गतेसम्म दुई टोलीमा विभाजित भई एक टोली कोशी प्रदेश र मधेश प्रदेश तथा अर्को टोली लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा गई अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो भने साउन २२ गते बागमती प्रदेशको नमोबुद्ध नगरपालिकामा गई अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। सबै स्थानमा गरी जम्मा १७ वटा कार्यक्रम सम्पन्न भएका थिए। कार्यक्रममा देहाय बमोजिम तीनवटा ढाँचामा छलफल गरिएको थियो।

**छलफलको ढाँचाः** तीनवटा ढाँचामा छलफल गरिएको

- **बालबालिकासँग प्रत्यक्ष छलफल**

  जसको सवाल उसैको सहभागितालाई सार्थक बनाउन स्थानीय बाल क्लब सञ्जालसँग छलफल आयोजना गरिएको थियो।छलफलका क्रममा सबै समुदाय, जाति, वर्ग, लिङ्गका बालबालिकाको सहभागिता रहेको थियो।

- **स्थानीय तहसँग छलफल**

  सरोकारवालाहरू र सरकारी अधिकारीहरू, निर्वाचित प्रतिनिधि, CFLG, समितिका सदस्यहरू, शिक्षा शाखा, महिला तथा बालबालिका शाखा र बाल क्लब नेटवर्कहरूसँग छलफल गरिएको थियो।

- **प्रादेशिकस्तरमा छलफल**

  प्रदेशका सम्बन्धित संसदीय समिति, बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय, सामाजिक विकास महाशाखा, प्रदेश बाल अधिकार समिति, नागरिक समाजका

प्रतिनिधि, नगरस्तरीय बालअधिकार समिति, विकासका साझेदार, पत्रकार लगायत सरोकारवाला र सरकारी अधिकारीहरूसँग प्रदेशस्तरीय छलफल गरिएको थियो।

| **क्र.सं.** | **प्रदेश** | **बालबालिकासँग प्रत्यक्ष छलफल** | **स्थानीय तहसँग छलफल** | **प्रादेशिक स्तरमा छलफल** | **कार्यक्रम सङ्ख्या** |
|---|---|---|---|---|---|
| १ | कोशी | १ (बाल सुधार गृह) | १ (विराटनगर महानगरपालिका) | १ (सामाजिक विकास मन्त्रालय) | ३ |
| २ | मधेश | | ३ (जनकपुर उपमहानगरपालिका, लहान नगरपालिका, खडक नगरपालिका) | १ (मधेश प्रदेश सभा) | ४ |
| ३ | बागमती | | १ (नमोबुद्ध नगरपालिका) | | १ |
| ४ | लुम्बिनी | १ (बाल सुधार गृह) | १ (कोहलपुर नगरपालिका) | | २ |
| ५ | कर्णाली | ३ (बालसञ्जाल, गुराँस गाउँपालिका-८ दैलेख, बाल क्लब, दुल्लु नगरपालिका, बाल क्लब, सुर्खेत) | ३ (गुराँस गाउँपालिका, नारायण नगरपालिका, वीरेन्द्रनगर नगरपालिका) | १ (कर्णाली प्रदेश सभा) | ७ |
| **जम्मा** | **५** | **५** | **९** | **३** | **१७** |

# परिच्छेद-४
# ऐनको कार्यान्वयन अवस्थाको अध्ययन

## ४.१ कार्यान्वयनको प्रगति विवरण सङ्कलन

अध्ययनको सुरूमा समितिले पहिचान गरिएका कानुन कार्यान्वयनकारी निकायका तर्फबाट कानुन कार्यान्वनको प्रगति माग गरिएको थियो। समितिले केही प्रश्नहरू समावेश गरी कानुन कार्यान्वयनकारी निकायका तर्फबाट कार्यान्वयनको प्रगति माग गरिएको थियो। माग गरिएका निकायहरूबाट प्राप्त विवरणहरूको सार संक्षेप देहाय बमोजिम रहेका छन्ः-

### ४.१.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**१. बाल सहभागिता प्रवर्धनका लागि गरिएका कार्यहरूः**

- बाल सहभागित सम्बन्धी कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारले बालबालिकासम्बन्धी नियमावली, २०७८ लागु गरी नियमावलीको परिच्छेद-२ को नियम ३ मा बाल क्लब वा संस्था खोल्ने, नियम ४ मा बाल क्लव वा संस्थाको नवीकरण, नियम ५ मा बाल क्लब वा संस्थाको काम र कर्तव्य, नियम ६ मा बाल क्लब वा संस्थाको दर्ता खारेज गर्ने, नियम ७ र १० मा बाल क्लब वा संस्था सम्बन्धित स्थानीय तह र स्थानीय बाल अधिकार समितिले व्यवस्थित गर्नु पर्ने तथा कार्य उपलब्धी विवरण प्रकाशन गर्नु पर्ने, नियम ८ मा बाल क्लब वा संस्थाले आर्थिक कारोबार गर्न नपाउने, नियम ९ मा बाल क्लब वा संस्था दर्ता र नवीकरण गर्न शुल्क तथा दस्तुर नलाग्ने र नियम ११ मा बाल क्लब वा संस्था दर्ता, नवीकरण र खारेजी सम्बन्धी व्यवस्थाहरू स्थानीय तहले समेत कानुन बनाएर व्यवस्थित गर्नसकिने व्यवस्था गरी कार्यान्वयनका लागि कानुनी रूपमा मार्गदर्शन गरेको छ।
- स्थानीय तहका लागि राष्ट्रिय बाल अधिकार परिषद्को मिति २०७९/०८/१८ को निर्णय बमोजिम बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्धन सम्बन्धी नमूना एकीकृत कार्यविधि तयार एवं वेबसाइटमा प्रकाशन गरी स्थानीय तहले बनाउनु पर्ने कार्यविधि निर्माण गर्ने कार्यमा समन्वय र सहजीकरण गरिएको छ। कार्यविधिको परिच्छेद-६ र अनुसूची-१ देखि ५ सम्म स्थानीय तहमा बाल सहभागिता र बाल क्लब वा संस्था गठन तथा परिचालन गरी बाल सहभागिता प्रवर्धन गरिने कार्यविधिगत विषयहरू उल्लेख गरिएका छन्।
- विद्यालय र समुदायमा आधारित बाल क्लव वा संस्थाहरू सम्बन्धित स्थानीय तहमा बालबालिका सम्बन्धी नियमावली, २०७८ मा भएका व्यवस्था अनुरूप दर्ता भएर सञ्चालन तथा परिचालन गरिने कार्यको प्रारम्भ गरिएको छ।
- ऐनको दफा ६१ मा बालबालिकाको अधिकार तथा हक हितको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन र परिपूर्ति गरी बालबालिकाकै सर्वोत्तम हित कायम गर्न गराउन प्रत्येक प्रदेशमा रहने

प्रदेश बाल अधिकार समिति, प्रदेश बाल कोष र प्रत्येक स्थानीय तहमा रहने स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, स्थानीय बाल कोष, समाजसेवी तथा बाल मनोविज्ञको व्यवस्था हुन सम्बन्धित संघीय मन्त्रालय मार्फत संवत् २०७७, २०७९ र २०८० गरी हालसम्म तीन पटक परिपत्र गरिएको छ। तीन पटक परिपत्र गर्दा समेत हालसम्म छ वटा प्रदेशमा बालबालिका सम्बन्धी प्रदेश ऐन र कर्णाली प्रदेशमा बालबालिका सम्बन्धी प्रदेश कार्यविधि तर्जुमा गरी लागु गरिएको भए तापनि चारवटा प्रदेशमा मात्र प्रदेश बाल अधिकार समिति गठन तथा परिचालन र प्रदेशस्तरीय बाल कोष स्थापना गरिएको छ।

- आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म ७५३ स्थानीय तहमध्ये ४०८ ले बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी एकीकृत कार्यविधि निर्माण गरी लागु गरेका छन् भने ३७२ ले स्थानीय बाल अधिकार समिति गठन तथा परिचालन, ३९० ले बाल कल्याण अधिकारीको नियुक्ति वा जिम्मेवारी तोक्ने कार्य भएका छन्। त्यस्तै २८६ स्थानीय तहमा बाल कोष स्थापना गरिएको र केहीमा समाजसेवी र बालमनोविज्ञ सूचीकरण तथा नियुक्ति गरिएको छ। संविधान तथा ऐनमा भएका व्यवस्थाहरू लागु गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता समेतको सुनिश्चितता गर्न स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वर्धन संयन्त्रहरू स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, बाल कोष, समाजसेवी र बाल मनोविज्ञको व्यवस्था हुन संवत् २०७७सालदेखि राष्ट्रिय अभियानकै रूपमा समन्वय, सहयोग र सहजीकरण गरिएको छ। बाल क्लब गठन तथा परिचालन गर्न केही स्थानीय तहका सम्बन्धित पदाधिकारीहरू र विद्यालयका शिक्षकहरूलाई सम्बन्धित स्थानीय तहसँगको समन्वय र सहकार्यमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएका छन्।
- केही स्थानीय तहले प्रत्येक वर्ष बाल भेला आयोजना गरेर र केहीले योजना तथा कार्यकम तर्जुमा गर्दा बाल सहभागिता गराएर बाल सहभागिता प्रवर्धन गर्ने कार्य गर्दै आएका छन्।
- बालमैत्री स्थानीय शासन प्रवर्धन समिति लगायत बालबालिका सम्बन्धी स्थानीय तहमा रहने समितिजस्ता संयन्त्रमा एउटा बालिका र एउटा बालकलाई सदस्यको रूपमा राखे व्यवस्था समेत गरेर बाल सहभागिता गरिएको छ।
- आफ्नो धारणा र विचार बनाउन सक्ने (१० वर्षभन्दामाथि र १८ वर्षमुनिका) बालबालिकाको सहभागिताका लागि आधारभूत र माध्यमिक तहमा अध्ययनरत बालबालिका बाल क्लब वा संस्था मार्फत बाल सहभागिता अभिवृद्धि गर्न आवश्यक समन्वय र सहजीकरण गरिएको छ। यसैगरी आवासीय बालगृहजस्ता आवासीय गृह तथा संघ, संस्थामा रहेका बालबालिकाको सहभागिताका लागि मापदण्डमा नै बाल क्लब वा संस्था खोली सञ्चालन तथा परिचालन गरिने व्यवस्था गरिएको छ।

- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लास प्रतिवेदन, २०७९ तथा राष्ट्रिय बाल अधिकार परिषद्ले प्रकाशन गरेको पछिल्लो नेपालमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८० अनुसार देशभरीका विद्यालयमा आधारित बाल क्लबको संख्या १९ हजार ९०४ रहेको छ।

**२. बाल सहभागितालाई प्रवर्धन गर्ने उद्देश्य सहित गरिएका कानुनी प्रबन्धको विधायिकी मनसाय वा उद्देश्य र ती उद्देश्य पूरा भए, नभएको सम्बन्धी विवरण**

- बालबालिका सम्बन्धी ऐन, २०७५ र यसको नियमावली, २०७८ मा गरिएका कानुनी प्रबन्धको मनसाय वा उद्देश्य पूरा गर्न, गराउन कार्यहरू प्रारम्भ गरिएका भए तापनि पूरा हुन सकेको अवस्था छैन। ऐनको दफा ८ मा आफ्ना धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने व्यवस्था गरिएकोमा परिवार र समुदायमा के कसरी त्यस्तो निर्णयमा सहभागी हुन सकिन्छ भन्ने कुराको विधि, प्रक्रिया र अवस्था खुल्न नसक्दा निर्णयमा सहभागी भएकी भएनन् भन्ने मानक वा मापन गर्न सकिने अवस्था रहेको देखिएन। धारणा बनाउन सक्ने बालबालिकाका लागि सबै विद्यालय र अन्य सार्वजिनक निकाय वा संस्था वा बाल क्लव वा संस्था दर्ता, गठन तथा परिचालन हुन नसक्दा पनि पूर्ण रूपमा विधायीकीको मनसाय पूरा भएको छैन।
- स्थानीय तहभित्र रहेका प्रादेशिक र संघीय सार्वजनिक निकाय वा संस्थाको निर्णयमा बाल सहभागिता हुनु आवश्यक हो की होइन? यदि हो भने सो सरहको निर्णय प्रक्रियामा सहभागिता गराउन जिल्ला बाल सञ्जाल, प्रदेश बाल सञ्जाल र संघीय बाल सञ्जाल गठन तथा परिचालन गर्न आवश्यक होकी होइन वा यस्ता प्रादेशिक र संघीय सार्वजनिक निकाय वा संस्थामा सम्बन्धित स्थानीय तहकै गाउँ/नगर बाल सञ्जाल वा वडास्तरीय बाल सञ्जाललाई सहभागी गराउने भन्ने विषय सम्बन्धी कानुनी व्यवस्था स्पष्ट भएको देखिँदैन।
- बाल सहभागितालाई सम्बन्धित स्थानीय तहभित्रै प्रवर्धनगर्ने होकी जिल्लास्तर, प्रदेशस्तर र राष्ट्रियस्तरसम्म पुऱ्याउने हो भन्ने विषयमा विधायिकी मनसाय वा उद्देश्य ऐनमै उल्लेख गर्नु आवश्यक देखिन्छ।
- प्रत्येक स्थानीय तहमा सम्बन्धित स्थानीय तहले नै एकजना बाल कल्याण अधिकारी नियुक्ति गर्नु पर्ने विधायकी मनसाय वा उद्देश्य भए तापनि मिति २०८१ को असार मसान्तसम्म व्यवस्था गरिएका ३ सय ९० जना बाल कल्याण अधिकारीमा ३ सय ७० जनालाई तोकिएको छ भने नियुक्ति गरिएका बाल कल्याण अधिकारी करिब २० जना मात्र छन्।

**३. बाल सहभागिता प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवाला निकायसँग समन्वय वा सामुहिक प्रयास भएको भए सोको विवरण**

- बाल सहभागिता प्रवर्धन गर्न स्थानीय तह, स्थानीय बाल अधिकार समिति, विकास साझेदार, नागरिक संघ, संगठन तथा सञ्जाल, बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र र केही विद्यालय लगायतका निकायसँग समन्वय र सहजीकरण गरिएको छ ।

**४. बाल सहभागिता प्रवर्धनसँग सम्बन्धित कानुनी प्रवन्ध कार्यान्वयनमा रहेका समस्या वा अन्य कुनै सुझाव भए सो समेत**

- स्थानीय तहलाई र विद्यालयलाई बाल क्लव वा संस्था दर्ता, गठन तथा परिचालन गर्न राष्ट्रिय वा प्रादेशिक रूपमा कार्यक्रम वजेट अभावमा अभिमुखीकरण लगायतका कार्यक्रम सञ्चालन गरी पर्याप्त रूपमा जानकारी तथा सहजीकरण गर्न नसकिएको,
- सम्बन्धित स्थानीय तहहरूले बाल सहभागितालाई प्राथमिकतामा राख्न नसकेको,
- बाल सहभागिता प्रवर्धन गर्न, गराउन र सरोकारवालाको क्षमता अभिवृद्धि गर्न राष्ट्रिय बाल अधिकार परिषद्लाई मानवीय स्रोत तथा आर्थिक स्रोतको अभाव रहेको,
- प्राविधिक सीप र ज्ञान सरोकारवालाई प्रदान गर्न नसकिएको,
- जुनियर रेडक्रस सर्कल, स्काउट जस्ता सञ्चालित बाल संयन्त्र र बाल क्लब वा संस्थाबीच सामञ्जस्यता कायम गर्न नसकिएको,
- बाल सहभागिता, बाल क्लब वा संस्थाको राष्ट्रिय नमूना विधान, गठन कार्यविधि र संरचनाको राष्ट्रिय ढाँचा नहुँदा केही अलमल हुँदा समेत बाल सहभागिता र बाल क्लब वा संस्था गठन परिचालनमा समस्या रहेको,
- संघीयताको मर्मको बुझाइमा एकरूपता नहुँदा प्रदेश बालबालिकाको विषय हेर्ने मन्त्रालय र केही स्थानीय तहले संघीय कानुन कार्यान्वयनका लागि संघीय बजेटको व्यवस्था हुनु पर्ने भन्ने खालको मनोविज्ञान र आफ्नो दायित्व तथा जिम्मेवारी नभएको बुझाइले पनि समस्या भएको,
- ऐनमा रहेका बाल सहभागिता सम्बन्धी विषयहरू अन्तर्गत ऐनको दफा १० मा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने बाल अधिकारको विषय गृह मन्त्रालयमा राखिएको छ, तर बाल क्लब वा संस्था खोल्ने अधिकारको विषय नेपाल सरकारले सम्बन्धित स्थानीय तहले गर्नु पर्ने कानुनी जिम्मेवारी दिएको छ। विधायकी मनसाय बाल क्लब वा बालबालिकाका संस्था जिल्ला प्रशासन कार्यालयमा नै दर्ता गरी अन्य संस्था सरह नै गर्न खोजिएको हो र जिल्लास्तरसम्म बाल क्लब खोली बाल अधिकारको संरक्षण तथा प्रवर्धन गर्न खोजिएको हो भने स्पष्ट खुलाउनु पर्ने हुन्छ तर यो व्यावहारिक हुने देखिँदैन। बालबालिका सम्बन्धी नियमाली, २०७८ ले स्थानीय तहले बाल क्लब खोल्न दर्ता गर्ने, नवीकरण गर्ने र खारेज गर्ने अधिकार स्थानीय तहलाई दिएको छ र स्थानीय तहले स्थानीय कानुन बनाएर वडामा समेत बाल क्लब दर्ता, नवीकरण र खारेजी सम्बन्धी व्यवस्था गर्न सक्ने गरी मार्गदर्शन गरेको छ। यस कारण ऐनको दफा १० लाई कार्यान्वयन गर्ने व्यवस्था स्थानीय तहले गर्नु

पर्ने हुन्छ र यसको संघीय मन्त्रालय गृह वा संघीय मामिला वा बालबालिका मन्त्रालय कुन हो ? विधायकीको मनसाय स्पष्ट पार्नु पर्ने देखिन्छ नत्र कार्यपालिका र व्यवस्थापिकाबीचको कानुन कार्यन्वयनमा एकरूपता हुन सक्तैन। बालबालिकाले खोल्ने बाल क्लव वा संस्था वा सञ्जाल बाल अधिकार संरक्षण र सम्वर्धनका लागि मात्र हो भन्ने कुरामा विधायिकी र सरकारहरूको बुझाइ सामान हुनु पर्छ।

### ४.१.२ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

१. ऐन कार्यान्वयन सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आफ्नै विशिष्ट कानुन नभए तापनि स्थानीय तहको सम्पर्क मन्त्रालय भएकाले यस मन्त्रालयले बालबालिका सम्बन्धी देहाय बमोजिमका विषय समावेश गरी गाउँपालिका/नगरपालिकाको सामाजिक समावेशीकरण सम्बनधी नमूना नीति तर्जुमा गरी स्थानीय तहमा पठाइएको र यस अनुरूप स्थानीय तहहरूले पनि सामाजिक समावेशीकरण नीति बनाई कार्यान्वयन गरेकाः-
   - बालविवाह, बालश्रम जस्ता सामाजिक कुरीतिहरूलाई अन्त्य गर्न गराउन सबै बडा कार्यालयहरूलाई सक्रिय बनाउने (रणनीति ३),
   - बालबालिकामैत्री भौतिक पूर्वाधार तथा संरचना निर्माण सम्बन्धी मापदण्ड निर्माण गर्ने (रणनीति ४)।

२. राष्ट्रिय समावेशीकरण नीति, २०७७ तर्जुमा गरी कार्यान्वयनका लागि सहजीकरण गरिएको,

३. स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली सञ्चालन कार्यविधि, २०८० तर्जुमा गरी कार्यान्वयन गरिएको, जस अन्तर्गत बालमैत्री स्थानीय तह घोषणा, बालश्रम मुक्त स्थानीय तह घोषणालाई स्थानीय तहहरूको संस्थागत स्व-मूल्याङ्कन सूचकको रूपमा उल्लेख गर्दैअव्वल स्थानीय तहलाई पुरस्कृत गर्ने कार्य हुँदै आएको,-

४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट तर्जुमा गरिएका देहाय बमोजिमका नमूना कार्यविधिहरूलाई कार्यान्वयनका लागि सञ्चार तथा सहजीकरण गरिएकोः-
   - बालविवाहविरुद्ध कार्यक्रम खर्च कार्यविधि, २०७५ (नमुना)
   - सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५ (नमुना)
   - बालगृह सञ्चालन कार्यविधि, २०७५

### ४.१.३ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

**१. बालबालिका सम्बन्धी ऐनअन्तर्गत बनाउनु पर्ने नियमावली तथा निर्देशिका र कार्यविधिको सम्बन्धमाः**
   - ऐन कार्यान्वयनका लागि आवश्यक बालबालिका सम्बन्धी नियमावली, २०७८ को मस्यौदाउपर तर्जुमा सहमति दिइए बमोजिम जारी भई कार्यान्वयनमा रहेको,

- ऐनमा रहेका बाल न्याय सम्पादन सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित गर्न सर्वोच्च अदालतबाट बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ र बाल न्याय सम्पादन कार्यविधि, २०८० जारी भई कार्यान्वयनमा रहेका,
- ऐनमा रहेको दिशान्तर सम्बन्धी कानुनी व्यवस्थाई कार्यान्वयन गर्न सर्वोच्च अदालतबाट कानुनको विवादमा परेका बालबालिकाको दिशान्तर कार्यविधि सम्बन्धी निर्देशिका, २०८० जारी भई कार्यान्वयनमा रहेको।

**२. बाल अदालतको गठन सम्बन्धमाः**

- दफा ३० को उपदफा (३) बमोजिम सबै जिल्ला अदालतमा बाल इजलास गठन भई सो इजलासले बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरु कारबाही, सुनुवाइ र किनारा गर्दै आएको,
- बाल अदालत गठन गर्नको लागि आवश्यक मापदण्ड तयार गर्न मन्त्रालयमा मिति २०८१/०१/३० मा एक समिति गठन भई उक्त समितिले बुझाएको मापदण्ड र प्रतिवेदन बमोजिम मिति २०८१/०२/२१ को निर्णयवाट काठमाडौंमा बाल अदालतको गठन सम्बन्धी परामर्श र सिफारिसको लागि सोही मितिमा न्याय परिषद् सचिवालयमा पत्राचार भएको र परिषद्बाट परामर्श र सिफारिस प्राप्त भएपछि एउटा बाल अदालत गठनप्र क्रिया अघि बढाइने।

**३. मुद्दाको प्रतिरक्षाको लागि कानुनी सहायता सम्बन्धमाः**

- बालबालिका लगायत कानुन बमोजिम निःशुल्क कानुनी सहायता प्रदान गर्नु पर्ने पक्षलाई निःशुल्क रूपमा कानुनी सहायता उपलब्ध गराउनका लागि प्रत्येक जिल्लामा जिल्ला कानुनी सहायता समितिको व्यवस्था गरी जिल्ला कानुनी सहायता अधिकारी नियुक्ति भई कार्यरत रहेको,
- रिक्त रहेका जिल्ला कानुनी सहायता अधिकारीको पदमा पदपूर्तिको प्रक्रिया अधि बढाइसकिएको,
- असमर्थ पक्षलाई कानुनी सहायता उपलब्ध गराउन प्रत्येक अदालत (सर्वोच्च, उच्च र जिल्ला अदालत) मा वैतनिक कानुन व्यवसायी रहने व्यवस्था रहेको।

**४. उमेर हदको कारण देखिएको कानुनी जटिलताको सम्बन्धमाः**

- ऐनले “बालबालिका” भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति भनेर परिभाषा गरेकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ ले "बाल विवाह गर्न नहुने” भन्ने शीर्षक अन्तर्गत विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन नहुने व्यवस्था गरेकोमा १८ वर्षको उमेर पूरा भई बालिग हुने तर २० वर्ष उमेर पूरा नभएको कारण विवाह गर्न नहुने र गरेमा स्वतः बदर हुने कानुनी व्यवस्थाका कारण १८-२० वर्षको उमेर समूहमा पर्ने व्यक्तिवीच स्थापित हुने सम्बन्ध र निजबाट जन्मिएका

बालबालिकाको हक कायम लगायतमा देखिएका विभिन्न कानुनी जटिलताको निकासको लागि नेपाल सरकारले गर्नु पर्ने कानुनी सुधारको विषयमा मन्त्रालयले चासो राखी सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख सचेतक तथा सचेतकहरू र महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एसोसिएसन लगायतका निकायका प्रतिनिधिसँग मिति २०८१/०७/१३ मा छलफल गरेको।

**४.१.४ महान्यायाधिवक्ताको कार्यालय**

नेपालको संविधानको धारा ३९ले बालबालिकाको हकको व्यवस्था गरेको र बाल अधिकार र बाल न्याय सम्बन्धी संवैधानिक प्रबन्धको कार्यान्वयनका लागि ऐनजारी भई लागु भएको छ। सो सन्दर्भमा ऐनको समग्र कार्यान्वयनमा यस कार्यालयको प्रत्यक्ष जिम्मेवारी नरहे तापनि बाल अधिकारको संरक्षण, सम्बर्द्धन तथा बालबालिका विरूद्धका कसुरको अभियोजन लगायत बालन्याय प्रणालीसँग सम्बन्धित व्यवस्थाको कार्यान्वयनमा महत्त्वपूर्ण जिम्मेवारी रहेको छ। आफ्नो जिम्मेवारी अन्तर्गतका विषयमा देहाय बमोजिम प्रयास तथा कार्य गरिएको छः-

(क) बालबालिका सम्बन्धी ऐन, २०७५, बालन्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ र बालबालिका सम्बन्धी नियमावली, २०७८ ले गरेको बालन्याय सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकिल र न्याय सम्पादन अधिकारी समेतका सरोकारवाला निकायहरूको प्रतिनिधिहरूलाई एकै थलोमा जम्मा गरी प्रादेशिकस्तरमा हालसम्म १ राष्ट्रिय कार्यशाला, १ विशिष्टिकृत तालिम, २ वटा विषयगत तालिम, २ वटा बाल न्याय सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू तथा बाल न्याय सबलीकरण सम्बन्धी राष्ट्रिय कार्यशाला गरिएको र जम्मा १ सय ८५ जना बाल न्यायका सरोकारवाला लाभान्वित भएका,

(ख) बाल अधिकार संरक्षण र बाल न्याय प्रणालीको विकासमा विशिष्टिकृत जनशक्ति तयार गर्न २५ जना सरकारी वकिलका लागि बाल न्याय सम्बन्धी १५ दिने विशिष्टिकृत तालिम सञ्चालन गरिएको,

(ग) प्रत्येक वर्ष हिरासत तथा कारागारमा कैदी बन्दीसँग आश्रित बालबलिका तथा देशका सातवटै बाल सुधार गृहमा रहेका कानुनको विवादमा परेका बालबालिकाको मानव अधिकारको अवस्था अनुगमन गरी आवश्यक निर्देशन दिने गरिएको,

(घ) प्रत्येक वर्ष ७७ वटै जिल्ला सरकारी वकिल कार्यालय, १८ वटा उच्च सरकारी वकिल कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयबाट देशका विभिन्न ठाँउमा सम्भव भएसम्मका माध्यमिक विद्यालय, उच्च माध्यमिक विद्यालयहरूमा समुदायमा सरकारी वकिल कार्यक्रम सञ्चालन गरी बालबालिकाको हक अधिकार, कानुनले बालबालिकालाई प्रदान गरेको विशेषाधिकार, बालबालिकाको सर्वोत्तम हक हित संरक्षणमा सरकारी

वकिलको भूमिका विषयमा प्रवर्धनात्मक (promotional) कार्यक्रम गरी सचेतना अभिवृद्धि गरिएको,

(ङ) कानुनको विवादमा परेका बालबालिका, पीडित बालबालिकाका विषयमा अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्याय सम्पादन अधिकारी, बालअधिकारकर्मी, बाल सुधार गृह तथा निगरानी कक्ष सञ्चालन र व्यवस्थापन गर्ने सरोकारवाला निकाय तथा बाल न्याय प्रशासन लगायत बाल न्याय क्षेत्रसँग सरोकार राख्ने सम्बद्धपक्षलाई उपयोगी हुने बाल न्याय स्रोत सामग्री, २०७९ तयारी गरी प्रकाश गरिएको,

(च) नेपालको संविधानको धारा ३९ को उपधारा (८) मा रहेको बाल अनुकूल न्यायको हक अन्तर्गत ऐनको दफा २७ मा रहेको दिशान्तर सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्ने प्रयास भएको छ। कानुनी रूप प्राप्त गरेतापनि कानुन कार्यान्वयन गर्ने अधिकारीहरू यसको अवधारणागत पक्षमा स्पष्ट नहुनु र दिशान्तर सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि कार्यविधिगत कठिनाइ समेत रहेकाले दिशान्तरको प्रयोग नेपालको बाल न्याय प्रणालीमा न्यून रहेको देखिएबाट यसको अवधारणागत स्पष्टता र कानुन कार्यान्वयन प्रभावकारिता अभिवृद्धीका लागि दुईवटा प्रादेशिक अन्तरक्रिया कार्यक्रम सञ्चालन तथा दिशान्तर सम्बन्धी मार्गदर्शन, २०८० तर्जुमा गरिएको छ। केन्द्रीय बाल न्याय समितिवाट यस सम्बन्धी निर्देशिका तर्जुमा भएकोमा यस कार्यालयबाट पृष्ठपोषण प्रदान गरिएको,

(छ) सरकारी वकिल सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (१) वमोजिम महान्यायाधिवक्ताबाट बाल न्याय प्रणालीसमेतको सवलीकरणका लागि निर्देशनहरू भएका।

### ४.१.५ सर्वोच्च अदालत, केन्द्रीय बाल न्याय समिति

(क) बाल सुधार गृहमा स्रोत साधनको अभावले गर्दा बालबालिकाहरू आफ्नो मुद्दाको सुनुवाइमा प्रत्यक्षरूपमा उपस्थित हुनबाट वञ्चित भएकोले कानुनमा व्यवस्था भएको श्रव्य-दृश्य माध्यमबाट आफ्नो मुद्दाको सुनुवाई प्रक्रियामा सहभागी हुन सहज होस् भन्ने उद्देश्यले सबै बाल सुधार गृहमा वेब-क्यामरा सहितको डेस्कटप कम्प्युटर तथा ल्यापटप उपलब्ध गराइएको,

(ख) बाल सुधार गृहका बालबालिकालाई छलफलको आधारमा उनीहरूलाई आवश्यक पर्ने मनोरञ्जन, खेल तथा शैक्षिक सामग्रीहरू विभिन्न संघ, संस्थाको सहयोगमा समय-समयमा वितरण गर्रिंदै आएको,

(ग) बाल सहभागितालाई प्रोत्साहन गर्न प्रारम्भिक बाल विकास केन्द्र नामक संस्थासँग सहयोगमा सबै बाल सुधार गृहमा रहेका बालबालिकाबीच चित्रकला, कविता प्रतियोगिता आदि आयोजना गरिएको,

(घ) बाल सहभागिता अभिवृद्धि गर्नका लागि चारवटा बाल सुधार गृहमा कानुन अधिकृत/बाल मनोविज्ञ/समाजसेवीको व्यवस्था गरिएको।

### ४.२ स्थलगत अध्ययन

अध्ययनको दोस्रो चरणमा अध्ययनको महत्त्वपूर्ण पक्षका रूपमा बाल सहभागिताको अवस्था बारे यकिन र वास्तविक जानकारी लिने उद्देश्यले स्थलगत अध्ययन गरिएको थियो। समितिले नमुनाका रूपमा छानिएका पाँचवटा प्रदेशमा १७ वटा छलफल तथा अन्तरक्रिया गरी बाल सहभागिताको अवस्था सम्बन्धमा अध्ययन र प्रत्यक्ष अवलोकन गरेका थियो। २०८२ साल बैशाख १५ देखि १८ गतेसम्म दुई टोलीमा विभाजित भई एक टोली कोशी र मधेश प्रदेश तथा अर्को टोली लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा गई अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो भने साउन २२ गते बागमती प्रदेशको नमोबुद्ध नगरपालिकामा गई अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो।

कोशी र मधेश प्रदेशको अध्ययनमा जाने माननीय सदस्यहरूको टोलीले एउटा बाल सुधार गृहको अवलोकन र अन्तरक्रिया गर्नुका साथै दुईवटा प्रदेशस्तरीय र चारवटा स्थानीय तहस्तरीय अन्तरक्रिया गरेका थियो। उक्त टोलीमा देहाय बमोजिमका सदस्यहरू रहनु भएको थियोः-

१. माननीय सदस्य आनन्द प्रसाद ढुंगाना
२. माननीय सदस्य डा. बेदुराम भुसाल
३. माननीय सदस्य कृष्ण बहादुर रोकाय
४. माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव
५. माननीय सदस्य सुरेश कुमार आलेमगर
६. सहसचिव/समिति सचिव श्री मनोज कुमार गिरी
७. शाखा अधिकृत श्री प्रबल पौडेल

त्यस्तै लुम्बिनी प्रदेश र कर्णाली प्रदेशको अध्ययनमा जाने माननीय सदस्यहरूको अर्को टोलीले एउटा बाल सुधार गृहको अवलोकन र अन्तरक्रिया गर्नुका साथै तीनवटा बालसञ्जाल समूहका बालबालिकासँग छलफल, एउटा प्रदेशस्तरीय र चारवटा स्थानीय तहस्तरीय अन्तरक्रिया गरेका थियो। उक्त टोलीमा देहाय बमोजिमका सदस्यहरू रहनु भएको थियोः

१. माननीय सभापति तुलसाकुमारी दाहाल
२. माननीय सदस्य गंगाकुमारी बेलवासे
३. माननीय सदस्य जयन्ती देवी राई
४. माननीय सदस्य तारामान स्वार

५. माननीय सदस्य राधेश्याम पासवान

६. माननीय सदस्य विष्णुदेवी पुडासैनी

७. उपसचिव श्री नुमराज खनाल शर्मा

८. शाखा अधिकृत श्री प्रकाश ज्ञवाली

त्यस्तै बागमती प्रदेशको नमोबुद्ध नगरपालिकामा २०८२ साउन २२ मा भएको अन्तरक्रियामा देहाय बमोजिम समितिका सभापति, सदस्य र कर्मचारीको सहभागिता रहेको थियोः

१. माननीय सभापति सभापति तुलसा कुमारी दाहाल

२. माननीय सदस्य कृष्ण बहादुर रोकाय

३. माननीय सदस्य गोपाल भट्टराई

४. माननीय सदस्य जयन्ती देवी राई

५. माननीय सदस्य झक्कु प्रसाद सुवेदी

६. माननीय सदस्य तारामान स्वार

७. माननीय सदस्य डा. बेदुराम भुसाल

८. सहसचिव/समिति सचिव मनोज कुमार गिरी

९. उपसचिव नुमराज खनाल शर्मा

१०. शाखा अधिकृत प्रकाश ज्ञवाली

११. शाखा अधिकृत सरस्वती रिजाल

१२. नायब सुब्बा राम प्रसाद सापकोटा

१३. कार्यालय सहयोगी कृष्ण प्रसाद वाग्ले

१४. कार्यालय सहयोगी धना मगर

स्थलगत अध्ययनलाई संरचनाबद्ध बनाउन बालबालिकासँग प्रत्यक्ष छलफल, स्थानीय तहस्तरीय छलफल र प्रादेशिकस्तरको छलफल गरी तीनवटा ढाँचामा छलफल तथा अन्तरक्रिया गरिएको थियो। ती कार्यक्रममा फरक प्रतिनिधित्व होस् भन्ने उद्देश्यले सम्भव भएसम्म प्रतिनिधिमूलक सहभागिता कायम गरिएको थियो। स्थलगत अध्ययनबाट प्राप्त केही तथ्यहरू देहाय बमोजिम रहेका छन्ः-

### ४.२.१ बालबालिकासँगको प्रत्यक्ष छलफलबाट प्राप्त जानकारी

- <u>बाल सञ्जालसँग छलफल, गुराँस गाउँपालिका-८ दैलेख</u>
  - समाजमा सुधारको अभियान चलाउँदा तथा आवाज उठाउँदा बेवास्ता हुने गरेको,

- जनप्रतिनिधिकै परिवारमा वा संलग्नतामा बालविवाह हुने गरेको,
- विद्यालयको कार्ययोजना निर्माण हुँदा सहभागी गराइएको,
- २०८०/८१ मा छुट्याइएको बजेटबाट बालविवाह न्यूनीकरणका लागि सचेतनामूलक सडक नाटक प्रस्तुत,
- आमाको थर राख्ने प्रबन्ध व्यवहारमा कार्यान्वयन नभएको,
- बालबालिकाको जन्म दर्ताको आधारमा बालक्लब गठन गरी पालिकामा दर्ता भएको,
- आफ्ना आवश्यकताहरू प्रधानाध्यापकलाई राख्ने गरेको,
- वडा र पालिकाबाट खेलकुद सामग्री प्राप्त हुने तर खेलकुदमा सहभागिताका लागि तुलनात्मक रूपमा छात्रालाई विभेद हुने,
- विचार अभिव्यक्त गर्न पाइरहेको,
- विद्यालय, स्वास्थ्यको योजनामा, गुनासो सुनुवाइ पेटिका खोल्दा सहभागी हुने गरेको,
- विद्यालयमा स्यानेटरी प्याडको व्यवस्था रहेको,
- आर्थिक रूपमा विपन्न वर्गका परिवारका विद्यार्थी पढ्न नआउने समस्या, भारत काम गर्न जाने गरेको,
- किशोरीमैत्री कक्षाकोठा रहेको।

- **<u>बाल क्लब, दुल्लु नगरपालिका</u>**

  - नगरपालिकामा बालकल्याण अधिकारीको व्यवस्था,
  - बालश्रम र यौन दुर्व्यवहार घट्दो क्रममा,
  - वडा-पालिका-जिल्लास्तरीय बालसञ्जाल गठन,
  - १३ वटै वडामा बालसञ्जाल, किशोरी सञ्जाल,
  - निर्णय प्रक्रियामा सामेल नभएको,
  - बजेट निर्माणमा बालबालिकाको रूची बारे सोध्ने गरिएको,
  - विद्यालय व्यवस्थापन समितिको हरेक बैठकमा सहभागी गराइएको, विद्यालयको कार्ययोजना बनाउँदा सहभागी भएको,
  - वडा सञ्जालको महिनामा दुई पटक बैठक बस्ने गरेको, बालबालिकाको वृत्ति विकासका सबालमा छलफल हुने गरेको,
  - बाल कोष परिचालन सम्बन्धी कार्यविधि नभएको,
  - युवा-१६ माथि, बालबालिका-१८ मुनि, नीतिगत स्पष्टता आवश्यक भएको,
  - बाल प्रोफाइल बनाएको।

- **<u>बाल क्लब, सुर्खेत</u>**

  - स्रोत साधन जुटाउन समस्या, बैठक कक्षको व्यवस्थापनमा कठिनाइ रहेको,

- विद्यालयमा अतिरिक्त क्रियाकलाय सञ्चालन भइरहेको,
- बालविवाह, लागु पदार्थ दुर्व्यसन, घरेलु हिंसा, जलवायु परिवर्तन जस्ता विषयमा जनचेतनामूलक कार्यक्रम गरिरहेको,
- बाल क्लबका काममा सहभागी हुँदा घर परिवार र समाजबाट व्यवधान खडा हुने गरेको,
- विद्यालय व्यवस्थापन समितिमा सहभागिताको कार्यविधि बारे जानकारी नभएको,
- प्रहरीसँग गुनासो गर्न खोज्दा फोन नउठ्ने समस्या।

### ४.२.२. स्थानीय तहस्तरीय छलफलबाट प्राप्त जानकारी

- <u>**गुराँस गाउँपालिका, दैलेख**</u>

  - स्थानीय तहले बालबालिका सम्बन्धी ऐन बनाएको,
  - शत प्रतिशत विद्यालय भर्ना भएको,
  - जीवन सुरक्षा कोषको सुरूवात तर प्रदेश सरकारबाट बजेट विनियोजन हुन नसकेको, भएको बजेटको परिचालन गर्ने सम्बन्धी अन्योलता, विवाह गरे वा स्कूल छोडे नपाउने व्यवस्था रहेको,
  - जीवन सुरक्षा कोष राष्ट्रिय नीतिका रूपमा आउनु पर्ने,
  - बजेट, जनशक्तिको आवश्यकता, बालकल्याण अधिकारीको आवश्यकता भएको,
  - बालबालिका पुनर्स्थापना केन्द्रको आवश्यकता, कानुनी नीतिगत मार्गदर्शन आवश्यक,
  - मनोसामाजिक परामर्शको कार्यक्रम राख्नु पर्ने,
  - स्थानीय तहबाट बालबालिकाको क्षेत्रमा भएका कार्यक्रमको प्रभावकारिताको अनुगमन मूल्याङ्कन प्रणालीको व्यवस्था गर्नु पर्ने,
  - बालबालिका लगायतको खण्डीकृत तथ्याङ्क सङ्कलनको नीतिगत व्यवस्था हुनु पर्ने,
  - राउटे समुदायमा नाम परिवर्तन गरिराख्ने प्रचलनले बालबालिकाको जन्म दर्ता, नागरिकता वितरण र आधिकारिता यकिन गर्न समस्या देखिएको,
  - जन्म दर्ता र स्कूलको जन्मको अभिलेखमा सामञ्जस्यता नभएको, पञ्जीकरणमा समस्या,
  - बालबालिकाका समस्याहरू बाल क्लब, वडा सञ्जाल, पालिका सञ्जाल हुँदै पालिका पदाधिकारी समक्ष राख्ने गरिएको, सोही अनुरूप योजना तर्जुमामा सहभागी हुने गरेको,
  - थर परिवर्तन गर्न समस्या,
  - स्थानीय तहको शाखालाई जन्म दर्ता सच्याउन समस्या नभएको तर के कति अधिकार प्राप्त हुने हो व्यवस्था गर्नु पर्ने,
  - बाल क्लब दर्ता प्रक्रियालाई सहज बनाउनु पर्ने,
  - भारतमा जन्मेका नेपालीका बच्चाको जन्म दर्ता प्रक्रियामा समस्या रहेको,

- आठवटा वडामा बाल कोषको व्यवस्था, जोखिममा रहेका बालबालिकाका लागि खर्च गर्ने गरी व्यवस्था गरिएको,
- पालिकाका सबै बालक्लब दर्ता भएका,
- बहुअपाङ्गता भएका बालबालिकाको पठनपाठनमा समस्या, घरमै कक्षा सञ्चालन गर्ने व्यवस्था गर्नु पर्ने,
- मनोसामाजिक परामर्शका कामहरू भइरहेको, स्कूलको पाठ्यक्रममा मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्शका विषय समेटिनु पर्ने।

- **<u>नारायण नगरपालिका, दैलेख</u>**

  - बालकल्याण अधिकारीको व्यवस्था रहेको,
  - विद्यालयस्तरीय बालक्लबहरू सञ्चालन, वडास्तरीय सुचारू हुन बाँकी,
  - छोरीहरूको लागि खाता सञ्चालनको व्यवस्था, रकम आउन बाँकी (प्रदेश सरकारको कार्यक्रम)

    *"बचत खाता छोरीको*
    *सुरक्षा जीवनभरिको",*
  - जिल्लास्तरीय बालसञ्जाल गठन,
  - आमाको नामबाट नागरिकता दिने व्यवस्था कार्यान्वयन नभएको,
  - यौनहिंसाबाट जन्मिएका बालबालिकाको जन्म दर्ता हुन कठिन, आमा नाबालक भएमा आमाका आमाबाबु सूचक हुन अनिच्छुक हुने,
  - जन्म दर्ता नभएको कारण बालगृहमा राख्न पनि गाह्रो, सडकमा हिँड्न बाध्य,
  - अभिभावकविहीन बालबालिकाको संरक्षणमा अन्य आफन्तको ध्यान नपुगेको,
  - सम्बन्धविच्छेद पश्चात् बुबाले जन्म दर्ता गर्न नमान्ने, जोसँग बसेको छ उनीहरू नै आमाबाबु बनेर जन्म दर्ता गराउने गरिएको,
  - बालबिबाहबाट जन्मिएका बच्चाको जन्म दर्ता गर्न कठिन,
  - जन्म दर्ता नहुँदा विद्यालय भर्नामा समस्या,
  - अपाङ्गता भएका बालबालिकाको पठनपाठनका लागि प्रोत्साहन/सुरक्षा भत्ता/आर्थिक व्यवस्था गर्नु पर्ने, अटिज्म र डाउन सिन्ड्रोमको समस्या,
  - आर्थिक विपन्नताको कारण बालबालिकाको संरक्षणमा कठिन, शिक्षा प्राप्त गर्न गाह्रो, शैक्षिक सामग्रीको अभाव,
  - स्वास्थ्य संस्था किशोर किशोरीमैत्री बनाउनु पर्ने,
  - विद्यालयमा दिवा खाजाको पैसा न्यून उपलब्ध, पोषणयुक्त बनाउनु चुनौती,

- स्वास्थ्य व्यवस्थापन समितिमा प्रतिनिधित्व हुने गरेको तर विद्यालय व्यवस्थापन समितिमा नभएको,
- स्थानीय तहका संरचनामा सहभागिताको कमी, अर्थपूर्ण सहभागिता नभएको,
- सकारात्मक अभिभावकत्वको कमी,
- संघीयता पश्चात् अर्थपूर्ण सहभागिता नदेखिएको,
- बजेट निर्माणमा बालबालिकाको लागि निश्चित हिस्सा छुट्याउने व्यवस्था गराउनु पर्ने,
- विद्यालय छोडेका बालबालिकालाई पुनः विद्यालय फर्कने वातावरण गराउनु पर्ने,
- बजेट कार्यान्वयनमा बालबालिकालाई सहभागी गराएर बालबालिकाबाटै खर्च गर्नु चुनौतीपूर्ण,
- विद्यालयमा शिक्षामा संख्यात्मक वृद्धि तर गुणात्मक ह्रास,
- योजना तर्जुमामा बाल सहभागिताका लागि स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था नभएको,
- कार्यविधि, निर्देशिका बनाउँदा बालबालिकाको पक्षमा ध्यान नदिइएको,
- बालमैत्री पूर्वाधार निर्माणमा ध्यान नदिइएको,
- विद्यालय नर्सको व्यवस्था तर अपर्याप्त रहेको,
- विद्यार्थी हिउँदमा काम गर्न भारत जाने र पछि परीक्षा दिन आउने गरेको,
- विद्यार्थीसँग मेयर कार्यक्रम-वर्षको एक पटक विद्यार्थीको कुरा सुन्ने गरेको र समस्या सम्बोधन गर्न केही पहल भएको।

- **<u>वीरेन्द्रनगर नगरपालिका, सुर्खेत</u>**

  - बाल संरक्षण नीति निर्माण, बाल संरक्षण तथा सम्वर्द्धन कार्यविधि निर्माण,
  - बालमैत्री नगर घोषणा गर्ने गरी तयारी,
  - बालमैत्री सम्पर्क कक्ष, बाल कल्याण अधिकारीको व्यवस्था,
  - बाल कोषको व्यवस्था, वडास्तरीय, नगरस्तरीय बालसञ्जाल,
  - बालविवाह मुक्त, बालश्रममुक्त घोषणा गर्ने तयारी,
  - बाल गृहको अनुगमन र मापदण्ड विपरीतका गृहलाई सुझाव दिँदै बन्द समेत गरेको, हाल चारवटा बालगृह सञ्चालनमा रहेका,
  - नगरस्तरीय स्वास्थ्य व्यवस्थापन समितिमा एक-एकजना किशोर किशोरीलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराइएको,
  - नगर बाल भेला सञ्चालन गरी बालबालिकाको माग र आवश्यकता पहिचान गर्ने गरिएको,

- अपाङ्गता भएका बालबालिकाको लागि एउटा विद्यालय स्थापना भएको, अर्को निर्माण हुँदै,
- अटिज्म भएका बालबालिकाको लागि पनि विद्यालय स्थापना भएको तर सञ्चालन भइनसकेको,
- दुईवटा खुल्ला शिक्षा विद्यालय रहेका,
- मदरसा मदिना विद्यालयमा माध्यमिक तहसम्म पढाइ भइरहेको,
- निःशुल्क र आधारभूत शिक्षा सम्बन्धी ऐन कार्यान्वयन गर्न आर्थिक अभाव, मुद्दा परेको, शुल्क नलिई चलाउन गाह्रो,
- विद्यालय बाहिरका विद्यार्थी पत्ता लगाउन घरधुरी सर्वेक्षण गरिएको,
- विद्यालयको सामाजिक परीक्षण समितिमा बालबालिकाको सहभागिता रहेको,
- विद्यालयको गुनासो सुनुवाइ समिति मार्फत बालबालिकाको गुनासो व्यवस्थापन गरिने,
- अतिरिक्त क्रियाकलाप सञ्चालन गरिरहेको, छात्रवृत्ति, पाठ्यपुस्तक प्रदान गरिएको,
- बालक्लब दर्ताको लागि कार्यविधि निर्माण, राजपत्रमा प्रकाशन भएपछि कार्यान्वयनमा आउने,
- शिक्षा ऐनमा कानुनी रूपमा विद्यालय व्यवस्थापन समितिमा बाल सहभागिता सुनिश्चित नभएको,
- स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिका कि किशोर किशोरी हुने? आमन्त्रित सदस्यको रूपमा राख्ने गरिएको,
- योजना छनोट प्रक्रियाको कुन चरणमा बाल सहभागिता गराउने हो स्पष्ट नभएको, स्पष्ट व्यवस्था गर्नु पर्ने,
- आमाको नामबाट नागरिकता पाउन कठिन,
- पारिवारिक विखण्डनमा परेका बालबालिका लागु औषध सेवनमा लाग्ने र बालबिज्याईंमा संलग्न हुने देखिएको,
- टोल टोलबाट बालबालिकाको सहभागितामा योजना निर्माण हुने गरेको,
- टोल विकास संस्थाको कार्यविधिमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिएको।

- **<u>कोहलपुर नगरपालिका, बाँके</u>**

  - २०७५ मा बाल अधिकार कार्यविधि पारित,
  - नगरस्तरिय बाल अधिकार समिति क्रियाशील,
  - १५ वडामा समिति गठन, १५ वडामै बाल क्लब गठन,
  - किशोरी क्लब र युवा क्लब गठन,
  - विद्यालयमा Gender Focal Person को व्यवस्था,

- अटिजम् केन्द्रको प्रारम्भिक कार्यक्रम सम्पन्न,
- विधान सहित क्लब दर्ता भएको,
- नीति निर्माणमा सहभागी गराइएको,
- नमुना नगर सभा गरिएको,
- गैससससँगको साझेदारीमा कार्यक्रम भइरहेको,
- विद्यालय व्यवस्थापन समितिमा संलग्न गराइएको,
- विद्यालयका बाल क्लब सक्रिय हुन नसकेको,
- बालबालिका, किशोरी र बाल क्लबलाई सन्तुलित रूपमा बजेट दिएको तर यति नै छुट्याउनु पर्छ भन्ने नरहेको,
- चौमासिक सार्वजनिक सुनुवाइमा सहभागी गराइएको,
- योजना तर्जुमामा सहभागी भएको तर अर्थपूर्ण सहभागिता नभएको,
- बालबिबाहमुक्त घोषणालाई पालिकाले अपनत्व लिन नसकेको, कार्यान्वयनमा समस्या रहेको,
- स्थानीय सरकार सञ्चालन ऐनमा योजना तर्जुमामा बाल सहभागिता अनिवार्य गर्नु पर्ने,
- सम्बन्ध विच्छेद पश्चात् बालबालिकाको जन्म दर्तामा समस्या हुँदा विद्यालय भर्नामा समस्या,
- आमाकै नामबाट जन्म दर्ता दिने व्यवस्था हुनु पर्ने,
- प्रहरीमा छुट्टै कक्षको व्यवस्था गर्नु पर्ने,
- व्यवस्थापन समितिमा आमन्त्रित गर्न सकिनेछ लाई अनिवार्य गर्नु पर्ने,
- स्थानीय तहको मूल्याङ्कनमा बाल सहभागिता समावेश गर्नु पर्ने,

**जनकपुर उपमहानगरपालिका,धनुषा, मधेश प्रदेश**

- विद्यालय व्यवस्थापन समितिमा बालबालिका रहने व्यवस्था नरहे तापनि आमन्त्रित गरिने गरेको,
- बालक र बालिकासँग दुई खालको व्यवहार गरिन्छ, छोराहरूले एक दुई वर्ष जागिर खाने नसके विदेश जाने तर छोरीको पढाई सकिने बित्तिकै विहे गरिदिने,
- एउटै संस्थाले एउटै पालिकामा दर्जनौं कार्यक्रमहरू सञ्चालन गर्ने तर अनुगमन नहुँदा सोबाट हुने लक्ष्य प्राप्ति, परिणाम मापन जस्ता कुराहरू कमजोर रहेका,
- बालबालिका लक्षित कार्यक्रममा उनीहरूकै सहभागिता न्यून रहेको,
- बालश्रम अन्त्य गर्ने भनिए तापनि विद्यमान रहेको,
- नेपाली बाबु वैदेशिक रोजगारीमा रहेका र भारतीय आमा भएका बालबालिकाको जन्म दर्ता गर्न समस्या परेको,
- सानैदेखि विद्यालय पठाउने चलन हुँदा उनीहरूको सर्वाङ्गिण विकास हुन नसकिरहेको,

- बालबालिकाले उनीहरूसम्बद्ध कानुन र अधिकारका विषयमा जानकारी नभएको।

**लहान नगरपालिका, सिराहा, मधेश प्रदेश**

- विद्यालय व्यवस्थापन समितिमा बाल क्लब सहभागी हुने कुरा शिक्षा ऐनसँग बाझिएको,
- बालबालिका संरक्षण तथा सशक्तीकरण ऐनको कार्यान्वयनमा समस्या रहेको,
- गठन भएका अधिकांश बाल क्लबहरू दर्ता हुन नसकेको,
- अधिकांश बाल क्लबहरू विद्यालयस्तरमा मात्र स्थापना हुने गरेका, समुदायस्तरसम्म लैजानु पर्ने,
- आमाबुबा मजदुरीमा जाने हुँदा सन्तानहरू आफूभन्दा साना भाईबहिनीको हेरचाहमा खटिनु पर्ने,
- बालबालिका सम्बन्धी ऐनहरूमा उनीहरूको अधिकारहरू मात्र रहेको र उनीहरूको कर्तव्य पनि हुनु पर्ने,
- बाल उद्यान, मिनिपार्क र बाल क्लबलाई अगाडि बढाउन बजेटको व्यवस्था हुन नसकेको।

**खडक नगरपालिका, सप्तरी, मधेश प्रदेश**

- पालिकाहरू बालमैत्री घोषणा हुने, तर बालविवाह, बालश्रम समाजबाट हटेर नजाने हुनाले ती पालिकाहरूको आवधिक अनुगमन हुनु पर्ने,
- बाल क्लबको सञ्जाल वडा-नगर-जिल्ला-प्रदेश-राष्ट्रिय-अन्तर्राष्ट्रिय तहसम्मै फैलिएको भए तापनि अन्तर्राष्ट्रिय तहको बाल क्लबमा सामान्य परिवारका बालबालिकाहरू सदस्य हुन किन नपाउने?
- बालविवाहमुक्त घोषणा भए तापनि समाजमा अझैपनि धेरै बालविवाह हुने गरेको।

**विराटनगर महानगरपालिका, मोरङ, कोशी प्रदेश**

- पहिले नगर सभामा सरोकारवालाको रूपमा भाग लिन पाएकोमा आजको दिनमा निषेध गरिएको,
- नगर बाल सञ्जालमा अपाङ्ग बालबालिकाको सहभागिता हुनु पर्छ भनिन्छ तर महानगरको भवन नै अपाङ्गमैत्री नभएको,
- विभिन्न भेलाहरूमा साङ्केतिक भाषाको प्रयोग नहुँदा श्रवण शक्ति कमजोर भएकाहरू त्यस्ता कार्यक्रममा पूर्ण रूपमा सहभागी हुन नसकिरहेको,
- कानुनले पक्राउ परेका बालबालिकाहरूलाई निगरानी कक्षमा राख्नु पर्ने व्यवस्था गरे तापनि धेरै ठाउँहरूमा उनीहरूलाई प्रहरीको हिरासतमै राख्ने गरिएको,

- बालबालिकाहरूको क्षेत्रमा काम गर्ने छुट्टै शाखा र कर्मचारीहरूको व्यवस्था नभएको।

**नमोबुद्ध नगरपालिका, काभ्रे**

- नगरस्तरीय र वडास्तरीय बाल अधिकार समिति बनेको,
- बालमैत्री नगरस्तरीय र वडास्तरीय समिति बनेको,
- विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समितिमा बालबालिकाको प्रतिनिधित्व रहेको,
- नगरस्तरीय र वडास्तरीय बाल सञ्जाल निर्माण भएको,
- ८ र ११ वडा बालमैत्री वडा घोषणा हुने क्रममा, १ नं घोषणा भैसकेको,
- ३५ जना बालबालिका बालश्रममा तर निकृष्ट बालश्रम नभएको,
- अभिभावकविहिन बालबालिकालाई यथेष्ट सहयोग गर्न नसकिएको,
- बाल कल्याण अधिकारी शाखा प्रमुखलाई तोकिएको,
- ईंटा बनाउने काममा आमाबुबासँगै बालबालिका पनि काममा जाने, पढाई प्रभावित भएको,
- अभिभावकविहीन बालबालिकाको जन्म दर्ता गर्न नसकिएको,
- विद्यालयले बाल क्लब मार्फत सचेतना कार्यक्रम सञ्चालन गरेको,
- विद्यालय नर्सको व्यवस्था गरिएको,
- महिनाको अन्तिममा हुने विद्यालय भेलामा बालबालिकालाई सहभागिता गराइएको,
- प्रत्येक आगामी वर्षको अतिरिक्त क्रियाकलापको समय तालिका विद्यार्थीको सहभागितामा निर्धारण हुने गरेको,
- बजेट पर्याप्त नहुँदा "मेयरसँग बालबालिका कार्यक्रम" सञ्चालन गर्न नसकिएको।

### ४.२.३. प्रादेशिक स्तरको छलफलबाट प्राप्त जानकारी

**प्रदेशस्तरीय कार्यक्रम, कर्णाली प्रदेश**

- प्रदेशमा ऐन नबनेको, प्रतिवेदन निर्माण अन्तिम चरणमा, २ हजार २ सय ६७ बाल क्लब गठन, १ सय ६६ समुदायमा आधारित बाल क्लब, ३८ वटा स्थानीय तहमा गठन,
- विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समितिमा प्रतिनिधित्व,
- प्रदेश बाल अधिकार समिति गठन भएको तर बालबालिकाको सहभागिता नभएको,
- नीति तथा कार्यक्रममा १७ प्रतिशत समेटिएको,
- विगत तीन वर्षका बजेटमा २-३ प्रतिशत बजेटले बालबालिकालाई सम्बोधन गरेको,
- सबै ठाउँमा बाल कल्याण अधिकारी नियुक्त नभएको, भूमिका र काम, कर्तव्य र अधिकार पनि नभएको,

- स्थानीय स्रोतको अभावमा विद्यालयले शुल्क लिनै पर्ने अवस्थाले विपन्न वर्ग जोखिममा, निःशुल्क शिक्षा प्राप्त गर्न समस्या,
- बाल सहभागिताको क्षेत्रमा न्यून बजेट विनियोजन,
- सबै किसिमका बालबालिकालाई सम्बोधन गर्ने गरी प्रदेशबाट कानुन निर्माण नभएको, संरक्षणमा बढी तर सहभागितामा कम ध्यान दिइएको,
- २९ वटा पालिकामा कोष लगायतका व्यवस्था नपुगेको,
- कम उमेरमा विवाहका कारण पाठेघर खस्ने समस्या रहेको,
- बाल क्लब स्थापना भइरहे तापनि प्रकृति भने फरक रहेको,
- बाल सहभागिताको अधिकार विद्यालयमा बढी उपयोग हुने गरेको,
- बालविवाहको लागि प्रादेशिक रणनीतिक योजना बनेपनि प्रमाणित हुन बाँकी,
- बाल सहभागिताको सम्बन्धमा धेरै काम नभएको, कानुन कार्यान्वयन न्यून,
- साविकको जिल्ला बाल कल्याण समिति सक्रिय भए पनि हाल त्यस्तो नभएको,
- भरपर्दो तथ्याङ्कको अभाव,
- बाल सहभागिता प्रवर्धनमा सरकारी पहल हुन नसकेको,
- विकास साझेदार भएका ठाउँमा बाल कल्याण अधिकारी तोकिएको, नभएको ठाउँमा हुन नसकेको,
- संघका कानुनमा प्रदेश र स्थानीय तहले अपनत्व लिन नसकेको,
- रेडक्रस, स्काउटमा सहभागिता रहेको।

**मधेश प्रदेश सभा, जनकपुर**

- धेरै बालबालिका निजी विद्यालयमा अध्ययनरत रहेका तर बालबालिकासँग सम्बन्धित गतिविधि सामुदायिक विद्यालयमा केन्द्रित,
- नीजि विद्यालयहरूमा extra-curricular गतिविधिमा सीमित छन् र त्यस्ता केही विद्यालयमा खाजा खाने समय जम्मा १० मिनेटको मात्र हुने गरेको,
- विद्यालय व्यवस्थापन समितिमा २ जना बालबालिका रहने भए तापनि उनीहरूको अर्थपूर्ण सहभागिता हुन नसकेको,
- ५० प्रतिशतभन्दा बढी बालबालिकाहरूको जन्म दर्ता नभएको,
- प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ र नियमावली जारी भएर कार्यान्वयनमा रहेको,
- हरेक वर्ष वैशाख १७ लाई बालविवाहविरुद्धको दिवसको रूपमा मनाउँदै आएको,
- प्रदेशका ८० स्थानीय तहमा बाल कल्याण अधिकृत नियुक्त भएका।

**सामाजिक विकास मन्त्रालय, विराटनगर, कोशी प्रदेश**

- कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७ र कोशी प्रदेश बाल संरक्षण नियमावली, २०८० जारी भएर कार्यान्वयनमा रहेको,

- बालबालिकाको संरक्षण सम्बन्धी धेरै कामहरू भएका र बालबालिकाहरूको सहभागिता सम्बन्धी काम हुने क्रममा रहेका,
- मन्त्रालयले कोशी प्रदेशको आगामी वर्षको नीति तथा कार्यक्रममा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम र किशोरी सशक्तीकरण कार्यक्रम प्रस्ताव गरेको,
- कानुनको कार्यान्वयन कमजोर रहेको।

### ४.२.४. बाल सुधार गृहमा भएको छलफलबाट प्राप्त जानकारी

**बाल सुधार गृह, विराटनगर, मोरङ**

- एक विकास क्षेत्र एक बाल सुधार गृह कार्यक्रम अन्तर्गत स्थापना भएको,
- जम्मा ५० जनाको क्षमता रहेको यस गृहमा मोरङ जिल्लाका मात्रै ५९ जना रहेको र अन्य १५ जिल्लाबाट गरी कूल २४१ जना रहेको,
- १८ वर्षभन्दा माथिका बालबालिकाहरूलाई छुट्टै राख्ने व्यवस्था भए तापनि छुटै ठाउँ नहुँदा एकदमै कोच्चिएर बस्न बाध्य,
- बालबालिकालाई पनि १८-१९ वर्ष सजाय तोक्ने गरिएको,
- पुर्पक्षमा रहेका र फैसला भएकाहरूलाई छुटै राख्ने भनिए तापनि ठाउँ नहुँदा एकै ठाउँमा राख्न बाध्य,
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३८ मा सजाय घटाउन सक्ने भनिए तापनि बालकल्याण अधिकारीलाई यस बारे केही ज्ञान नै भएको नपाइएको,
- प्रहरीले पोशाक लगाउन र हातहतियार बोक्न नपाउने प्रहरीहरूलाई बालअधिकार सम्बन्धी विशेष तालिम अपरिहार्य रहेको,
- बालगृहमा मनोपरार्शदाता र स्वास्थ्यकर्मीको व्यवस्था आवश्यक।

**बाल सुधार गृह, बाँके**

- दफा ३८ मा रहेको सजायको स्वरूप परिवर्तन सम्बन्धी व्यवस्था कार्यान्वयन नभएको,
- नियमित स्वास्थ्य जाँचको व्यवस्था रहेको,
- पुस्तकको कमी,
- थाहा नपाइ फैसला हुने गरेको,
- मनोसामाजिक परामर्श आवश्यक, हाल व्यवस्था नभएको,
- १८ वर्ष माथिकालाई बाल सुधार गृहमा बालबालिकासँग राख्दा समस्या,
- निरीक्षकको सिफारिसमा स्थानान्तरणको व्यवस्था हुनु पर्ने,
- सीपमूलक तालिमको व्यवस्था रहेको।

### ४.३ विज्ञ तथा सरोकारवालासँग अन्तरक्रिया

अध्ययनको सुरूमा नै बाल अधिकार सम्बन्धी विषयमा समितिका माननीय सदस्यहरूमा ज्ञान निर्माण एवं अवधारणागत स्पष्टताका लागि २०८१ कात्तिक २१ मा अन्तरक्रिया गरिएको थियो। बाल अधिकार विज्ञ चन्द्रिका खतिवडाले बालबालिका सम्बन्धी ऐनको बाल सहभागिताका विषयको कार्यान्वयन अवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उक्त कार्यपत्रमा विज्ञले नेपालको बाल अधिकार ऐनमा रहेका बाल सहभागिता सम्बन्धी प्रावधानहरू र तिनको कार्यान्वयन अवस्थाको तुलनात्मक विश्लेषण प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रले बाबु नभएका बालबालिकाले आमाको नाम प्रयोग गर्न सक्ने कानुनी व्यवस्था भए पनि बैंक तथा नागरिकतामा बाबुपट्टीको तीन पुस्ते अनिवार्य रहेको, वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई आमाबुबासँग भेटघाट गर्ने अधिकार भए पनि व्यावहारिक कार्यान्वयनमा चुनौती रहेको, राजनीतिक र सैन्य उद्देश्यका लागि बालबालिकाको दुरूपयोग निषेध भए पनि निर्वाचनमा बालबालिकाको प्रयोग हुने गरेको, स्थानीय तहको योजनामा बाल सहभागिता र विद्यालयमा बालक्लब सञ्चालन भए पनि व्यापक कार्यान्वयन हुन नसकेको, अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता, खेलकुद तथा मनोरञ्जनको अधिकार, अपाङ्गता भएका बालबालिकाको समावेशी वातावरणर बालन्यायमा बालमैत्री प्रक्रिया अपनाउने कानुनी व्यवस्था भए पनि यसको प्रभावकारी कार्यान्वयनका लागि कानुनी संशोधन, नियमित अनुगमनतथा बालमनोविज्ञको सूचीकरण विस्तार र सम्बन्धित निकायहरूबीच समन्वय आवश्यक रहेको औंल्याएको छ। समग्रमा कार्यपत्रले बाल अधिकार सम्बन्धी कानुनी प्रावधान र यसको व्यावहारिक कार्यान्वयनबीच खाडल औंल्याउँदै सुधार आवश्यक रहेको देखाएको थियो।

### ४.४ सरोकारवाला संघ, संस्था तथा विज्ञसँग छलफल

समितिले स्थलगत अध्ययनको कार्य सकेपछि स्थलगत अध्ययनबाट प्राप्त तथ्यहरूका सम्बन्धमा शेयरिङ्ग वर्कशपको आयोजना गर्नुका साथै बाल सहभागिताको अवस्थामा सरोकारवालाको सुझाव समेत लिएको थियो। २०८२ भदौ ९ गते काठमाडौंमा बालबालिकाका क्षेत्रमा काम गर्ने विज्ञ र सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य विधायन व्यवस्थापन समितिका सचिव मनोज कुमार गिरीले राख्नु भएको थियो। समितिका उपसचिव नुमराज खनाल शर्माले स्थलगत अध्ययन भ्रमणबाट प्राप्त जानकारीको सार संक्षेप प्रस्तुतीकरण गर्नु भएको थियो। तत्पश्चात् कार्यक्रमका सहभागीहरूले खुला छलफलका माध्यमबाट आआफ्नो धारणा राख्नु भएको थियो। कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले खुला छलफलका क्रममा उठेका विषय तथा अन्तरक्रियाको सारांश राख्नु भएको थियो। समितिका माननीय सभापति तुलसा कुमारी दाहालको समापन मन्तव्यसँगै कार्यक्रम समापन भएको थियो।

# परिच्छेद-५
# बाल सहभागिता सम्बन्धी प्रावधान कार्यान्वयन अवस्थाको विश्लेषण र मूल्याङ्कन

नेपालमा बालबालिका सम्बन्धी कानुन नेपाल बाल अधिकार महासन्धिको पक्ष बनेसँगै महासन्धि सिर्जित दायित्व पूरा गर्ने सन्दर्भमा जारी भएको देखिन्छ। बालबालिका सम्बन्धी ऐन २०४८ ले बालबालिकालाई विशेष संरक्षण आवश्यक पर्ने कुरामा सैद्धान्तिक रूपमा जोड दिएको र सोही बमोजिम केही प्रबन्ध समेत गरेको पाइन्छ। २०६३ सालमा नेपालको अन्तरिमा संविधान जारी हुँदा बालबालिकाको हकलाई मौलिक हका रूपमा समेटिएको भए तापनि बाल सहभागिताका विषयमा किटानी प्रबन्ध हुन सकेको थिएन। वर्तमान नेपालको संविधान जारी हुँदा बालबालिका सम्बन्धी हकलाई मौलिक हकका रूपमा निरन्तरता दिँदै केही प्रगतिशील प्रबन्धहरू थपिए र बाल सहभागिता सम्बन्धी विषयलाई मौलिक हकका रूपमा संविधानमै किटानी प्रबन्ध गरियो। संविधानमा भएको परिमार्जन र अवधारणागत फड्कोलाई सम्बोधन गर्न बालबालिका सम्बन्धी ऐन, २०४८ लाई खारेज गर्दै बालबालिका सम्बन्ध ऐन, २०७५ जारी गरिएको हो।

यस ऐनको मूल उद्देश्य भनेकै बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने[१८] रहेको छ। बाल सहभागिता सम्बन्धी प्रबन्धहरूको उद्देश्य बालबालिकाको आफ्नो सार्थक सरोकार रहेको वा बालबालिकालाई प्रत्यक्ष रूपमा प्रभावित पार्ने कुनै पनि कामका सम्बन्धमा निर्णय गर्नुपूर्व त्यस्ता बलबालिकाको सहभागिता र राय सुनेर निर्णय लिनु पर्ने उद्देश्य रहेका छन्। त्यसका अतिरिक्त कतिपय अन्य विषयगत कानुनबाट नियमन हुने विषयमा समेत बालबालिकाको चासो र सरोकार हुनेमा विचार गरिनु पर्ने धेरै प्रबन्धहरू गरिएको पाइन्छ। प्रस्तुत कार्यान्वयन मापनमा बाल सहभागिताका यी उद्देश्य प्राप्तिमा प्रस्तुत कानुनी प्रबन्धको कार्यान्वयनको मूल्याङ्कन देहाय बमोजिम गर्न सकिन्छः-

## ५.१ विधायिकी मनसाय र संवैधानिक प्रतिबद्धता

नेपालको संविधानको धारा ३९ मा व्यवस्था गरिएको बालबालिकाको मौलिक हक कार्यान्वयन गर्ने उद्देश्यले बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको हो। बाल सहभागिता संविधान तथा बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का चार मूल सिद्धान्तमध्ये एक हो। ऐनमा दफा ८ (सहभागिताको अधिकार), दफा ९ (अभिव्यक्ति स्वतन्त्रता), दफा १० (संस्था खोल्ने र भेला हुने

[१८] प्रस्तावना, बालबालिका सम्बन्धी ऐन, २०७५।

अधिकार), दफा २०, २६ (बाल न्यायमा धारणा सुन्ने अधिकार) लगायतका प्रावधानहरूले विधायिकी रूपमा बाल सहभागितालाई सुनिश्चित गर्ने स्पष्ट मनसाय देखाउँछन्।

तर कार्यान्वयनको दृष्टिले हेर्दा, बाल सहभागिता अझै पनि "औपचारिक उल्लेख" मा सीमित रहेको र "संस्थागत अभ्यास" मा पूर्ण रूपमा रूपान्तरण हुन नसकेको देखिन्छ। विशेषगरी निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने स्पष्ट कार्यविधि, मापदण्ड तथा उत्तरदायित्व संरचना कमजोर देखिन्छ।

## ५.२ मौलिक हक कार्यान्वयनमा प्रतिबद्धता

प्रस्तुत ऐन जारी हुनुको उद्देश्य नै संविधान बमोजिम प्रदत्त मौलिक हकका रूपमा रहेको बालबालिबकाको हकलाई कानुनी प्रबन्ध गर्नु अर्थात् प्रचलित कानुनमा सम्बोधन हुन नसकेका मौलिक हकका विषयमा सुनिश्चित प्रबन्ध गर्नु हो। संविधानमै मौलिक हक कार्यान्वयनको विषयमा कानुन निर्माण गरिनु पर्ने समय सीमा तोकिएका कारण ऐनसम्म जारी भएको भए तापनि ऐनका धेरै विषयहरू र खासगरी बाल सहभागिताका विषयमा अझ धेरै विषयहरू कार्यान्वयन हुन बाँकी रहेका पाइएका छन्। आजका दिनमा पनि बाल सहिभागिता सुनिश्चित गरिनु पर्ने धेरै विषयमा सो हुन नसकेको पाइएको छ।

बालबालिकाको सरोकार हुने हरेक विषयमा बालबालिकाकको सर्वोत्तम हित हेरिनु पर्नेमा बालबालिकाको सरोकार भनेको महिला, बालबालिका तथा ज्येष्ठ नागररिक मन्त्रालयको मात्र स्वार्थ वा सरोकार हो भन्ने मानसिकता आजका दिनमा समेत कायमै रहेको पाइएको छ। बालबालिकालाई सङ्गठित हुने हक प्राप्त भएको भए तापनि सङ्गठित हुने प्रयोजनका लागि समूहीकृत हुने र बाल क्लब लगायतका बाल सङ्गठन दर्ता लगायतका कार्यमा सहजीकरण गर्ने प्रबन्ध र संयन्त्र सबै स्थानीय तहमा प्रभावकारी हुन सकेको पाइएन। बालबालिकाले विचार अभिव्यक्त गर्ने र उनीहरूलाई सुन्ने कुरामा त झन् स्थानीय तहमा निर्वाचित हुने जनप्रतिनिधि वा प्रशासकीय अधिकारीको स्वविवेकमा मात्र निर्भर रहेको अवस्था छ।

बालबालिका सम्बन्धी ऐनमा बालबालिकाले चाहेमा बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउने व्यवस्था रहेको छ तर वैयक्तिक पहिचानसँग सम्बन्धित नागरिकता प्रणालीलाई व्यवस्थित गर्ने कानुनमा सो प्रबन्ध गर्न भने सकिएको छैन। व्यक्तिगत घटना दर्ता सम्बन्धी कानुनमा एकपटकका लागि विवरण सच्याउन सकिने प्रबन्ध रहेको भए तापनि थरका सम्बन्धमा यस्तो व्यवस्था रहेको पाउन सकिदैन। यसले बालबालिकाको सम्मानपूर्वक सामाजिक जीवनमा सक्रिय हुने हकमा सङ्कुचन गरेको पाइन्छ। बाल सहभागिताको विषयलाई संविधानले नै मौलिक हकका रूपमा ग्रहण गरेपछि

हरेक विषयगत कानुनले बाल अधिकारका विषयलाई सम्बोधन गर्नु पर्नेमा कतिपय अवस्थामा सामञ्जस्यता नरहेको पाउन सकिन्छ।

## ५.३ प्रत्यायोजित विधायनको तर्जुमा

संविधानले मूलतः मूल नीति वा मूल कानुनका रूपमा अधिकारको सैद्धान्तिक रूपरेखा प्रदान गर्दछ र त्यसलाई व्यक्तिको अधिकार वा राज्य कर्तव्यका रूपमा व्याख्या गर्ने र त्यससँग सम्बन्धित सीमाहरू तोक्ने कार्य विधायिकी कानुन अर्थात् ऐनबाट हुने गर्दछ। ऐनले प्रदान गरेको अधिकार र कर्तव्यलाई कार्यान्वयन गर्ने सम्बन्धमा खासगरी कार्यविधिगत प्रबन्ध गरी त्यस्तो अधिकारलाई थप कार्यान्वयनयोग्य बनाउने कार्य प्रत्यायोजित विधायनले गर्दछ। प्रस्तुत ऐन अन्तर्गत केही विधायिकी अधिकारहरू प्रत्यायोजन गरिए बमोजिम बालबालिका सम्बन्धी नियमावली, २०७८ र बाल न्याय सम्पादन कार्यविधि नियमावली, २०७६ रहेका छन्।

## ५.४ बालबालिकालाई सङ्गठित हुनका लागि सहजीकरण

बाल सहभागिताका लागि बालबिलकको सङ्गठन महत्त्वपूर्ण मानिन्छ। स्वतन्त्र रूपमा सङ्गठित बालबालिकाले मात्र आफ्नो सामूहिक विकास र सहभागिता मार्फत आफ्ना सरोकार राख्न सक्छन्। बालबालिका सम्बन्धी ऐनको दफा १० मा बाल अधिकारको संरक्षण र प्रवर्धनको लागि बाल क्लव वा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने हक हुने प्रबन्ध रहेको छ। बालबालिका सम्बन्धी नियमावली, २०७८ ले बाल क्लब वा बालबालिकाको कुनै संस्था खोल्ने सम्बन्धमा स्थानीय तहले कानुन बनाई दर्ता तथा नवीकरणको प्रबन्ध गर्नु पर्ने त्यसरी बालबालिका संलग्न क्लब वा संस्था खोल्दा शुल्क नलाग्ने प्रबन्ध रहेको छ। सो प्रबन्ध बमोजिम सबै स्थानीय तहमा बाल क्लब खोल्ने सम्बन्धमा कानुन बनी प्रभावकारी सहयोग र सहजीकरण हुन समेत नसकेको अवस्था छ। बाल क्लव दर्तासम्म गर्ने गरेको पाइए तापनि उनीहरूलाई सहजीकरण गर्नका लागि बाल क्लबको विधान  बनाउने लगायत बैठक बस्ने कक्ष उपलब्ध गराउने जस्ता प्रोत्साहनात्मक कार्य सबै स्थानीय तहमा हुन नसक्दा बालबालिका सङ्गठित हुने कुरामा नै समस्या रहेको पाइएको छ।

## ५.५ बालबालिकाको विचार तथा अभिव्यक्ति र सोको सुनुवाई

बालबालिकाले स्वतन्त्र रूपमा आफ्नो विचार राख्न पाउने तथा प्रचलित कानुनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुने गरी बालबालिका सम्बन्धी ऐनको दफा ९ ले व्यवस्था गरेको छ। सूचनाको हक सम्बन्धी ऐनमा रहेको व्यवस्था अतिरिक्त गरिएको यो प्रबन्धले बालबालिकको हित र सरोकारमा बालबालिकाको विचार र सहभागितालाई महत्त्व दिइएको छ। यस प्रबन्धको कार्यान्वयन धेरै विस्तृत र व्यापक रहेको छ। बालबालिकासँग

सरोकार नरहने कमै विषयहरू मात्र हुन्छन्। प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने धेरै विषय बालबालिकाको सरोकार र सहभागिता रहनु पर्ने विषयहरू छन्। त्यसमा प्रदेश र स्थानीय तहले बनाउनु पर्ने कानुन नबनाएका अवस्था समेत रहेका छन्। कतिपय स्थानीय तहमा कानुन बनाई बालबालिकाको विचारको सुनुवाइको व्यवस्था गरिएको भए तापनि निर्णय प्रक्रियामा ती बालबालिकाको विचार वा अभिव्यक्ति निर्णायक बन्न नसकीरहेको अवस्था समेत रहेको छ।

खासगरी स्थानीय तह अन्तर्गत वयवस्थापन हुने विद्यालय शिक्षा, स्थानीय तहमा आयोजना गरिने योजना निर्माण लगायतका सामुदायिक बैठकहरूमा बालबालिकाहरूलाई सुनिन्छ वा सुनिँदैन भन्ने प्रश्नमा स्थलगत अध्ययनका मिश्रित प्रकृतिका प्रतिक्रियाहरू प्राप्त भएका छन्। यसमा केही काम भएका पनि छन्, तथापि ती पर्याप्त छैनन्। त्यसैले बालबालिकाले विनाकुनै अवरोध विचार अभिव्यक्त गर्ने वातावरण हुनका लागि उनीहरूमा सामूहिक एवं सङ्गठित शक्ति हुनु अतयावश्यक हुन्छ। त्यसैले सङ्गठित हुने अधिकार र विचार अभिव्यक्तिको अधिकार एकापसमा अन्तर्सम्बन्धित पनि रहेका छन्। बालबालिकाको यी अधिकार उपयोग गर्ने वातावारण निर्माण गर्ने सम्बन्धमा कानुनी र व्यावहारिक पूर्वाधार हुनु अत्यावश्यक छ। पूर्वाधार एवं अभ्यास भएकोमा अझै सुधार हुनु आवश्यक छ।

बिचार तथा अभव्यक्तिको अधिकारसँगै जोडिएर आउने विषय भनेको उनीहरूका विचारको सुनुवाइ हो। बालबालिकाले आफ्ना सरोकारका विषयमा व्यक्त गरेको विचार सुनिने र निर्णय प्रक्रियामा सार्थक सहभागिता सुनिश्चित हुने वातावरण अपरिहार्य छ। यसका लागि तत् तत् निकायबाट कानुनी एवं संस्थागत र कार्यगत प्रबन्ध समेत हुन आवश्यक हुन्छ। यस प्रयोजनका लागि आवश्यक पर्ने कानुनी पूर्वाधारका सम्बन्धमा संघीयस्तरको विषयगत मन्त्रालयबाट नमूना कानुन तर्जुमा भई पठाउन सकिएमा देशभर एकरूपता समेत कायम हुन सक्ने देखिन्छ।

## ५.६ सहभागितामा आधारित बाल सिकाई

ऐनको दफा १४ मा बालबालिकालाई उमेर र रूची अनुसारको खेलकुद, मनोरञ्जन र सांस्कृतिक क्रियाकलाप गर्न पाउने हक प्रदान गरेको छ। यो हकले बालविकासका लागि महत्त्वपूर्ण मानिने चरणमा बालबालिकाले आफु सहभागी हुन पाउने अधिकार प्रदान गरेको छ। बालबालिकाको धेरै समय विद्यालयमा व्यतित हुन्छ, त्यसबाहेक परिवार र समाजमा। यी तीनवटै स्थानमा बाल सहभागिताको अवस्था कस्तो छ भन्ने कुराले बालमैत्री पवातारणका सिकाई र बाल विकासका प्रभाव पारेको हुन्छ।

अध्ययनका क्रममा हेरिएका स्थानीय तहहरूमा बालबालिकाको सबैभन्दा बढी चासो र सरोकार रहेको विद्यालयमा बालबालिकाको सार्थक सहभागिता रहेको पाइएको छ भने कतिपयमा औपचारिकताका लागि मात्र। तर कतिपय स्थानीय तहले बाध्यकारी कानुनी व्यवस्था नै नभएको हुँदा कार्यान्वयन गर्न नसकिएको भन्ने अभिव्यक्ति समेत दिएका छन्। त्यस बाहेक विद्यालयको आन्तरिक प्रशासनिक कार्यका सम्बन्धमा छलफल गर्दा विद्यालयमा रहेका बाल क्लबका प्रतिनिधिहरूको सहभागिता गराउने गरेको पाइएको छ। बाल सहभागिता सम्बन्धी संवैधानिक प्रावधान तथा बालबालिका सम्बन्धी ऐनको दफा ८, १४, १५ र १६ समेतको भावना र आशय बमोजिमको प्रबन्ध शिक्षा ऐन, २०२८ को दफा १२ मा गर्न नसकिएका कारण बालबालिकालाई उनीहरूको सार्थक सरोकार भएको विषयमा सुनिने कुरामा अवरोध हुन आएको देखियो। त्यसैले बालबालिकाको सबैभन्दा बढी समय व्यतित हुने शिक्षण संस्थामा तिनै बालबालिकाको सहभागिता गराउने कुरालाई जसरी पनि पूर्णता प्रदान गर्नु अत्यावश्यक देखिन्छ। त्यसैले बाल विकास र बाल सिकाईलाई सहभागितामा आधारित बनाई बालबालिकाको सर्वोत्तम हितको अभिवृद्धि गर्न बालबालिका सम्बन्धी ऐन बाहेकका अन्य ऐनहरूमा समेत विचार गर्नु पर्ने देखिन्छ।

### ५.७ बाल न्याय सम्पादनमा कमजोर सहभागिता

बालबालिकालाई नेपालको संविधानमा बाल अनुकूल न्यायको हक प्रत्याभूत हुने ग्यारेन्टी गरिएको छ। त्यस्तै बालबालिका सम्बन्धी ऐनले दफा २० मा बाल न्याय सम्पादन गर्दा बालबालिकालाई असर पर्ने कुनै कार्य गर्नु अगाडि धारणा बुझ्ने प्रबन्ध गरेको छ। त्यस्तै दफा २५ मा न्यायिक प्रक्रियाको हरेक चरणमा सहभागी हुन पाउने अधिकार प्रदान गरिएको छ। दफा २७, २८ र २९ मा पनि दिशान्तर गर्दा बालबालिकाको रुची समेतलाई विचार गर्ने गरी सहभागिता सुनिश्चित गरिएको छ। तर यस अध्ययनका क्रममा गरिएका बाल सुधार गृहको भ्रमणमा कानुनको विवादमा परेका बालबालिकाले आफूहरूले आफूविरुद्ध लागेको आरोपको न्याय सम्पादनका क्रममा सहभागिताको अधिकार नपाएको गुनासो गरेका छन्। कानुनी प्रतिनिधित्व विना मुद्दा फैसला गर्न नमिल्ने भए तापनि पेशीका सम्बन्धमा समेत यकिन र पर्याप्त जानकारी पाउने नगरेको बालबालिकाले गुनासो गरेका थिए।

त्यसबाहेक न्याय सम्पादनको रोहमा उनीहरूको बालबालिकाको रूची चासो र सरोकार बुझ्ने कुरामा पनि अपेक्षित कार्य हुन नसकेको पाइयो। अर्को अदालतको आदेश बमोजिम सुधार गृहमा रहेका बालबालिकाको सहभागितामा उनीहरूलाई प्रत्यक्ष निगरानी गरी दफा ३८ बमोजिम सुधारको अवधि घटाउनका लागि सिफारिस गर्ने र घटनाउने सम्बन्धमा पनि अभ्यास रहे, भएको अवस्था पाइएन।

बालबालिकालाई नियमित अदालती कारबाही प्रक्रियामा नलगी दिशान्तर गर्ने जस्ता बाल संरक्षणसँग सम्बन्धित प्रगतिशील प्रावधानहरूको कार्यान्वयन अपेक्षित हुन सकेको पाइएन। दिशान्तर बाल सहभागितासँगै बाल विकाससँग समेत जोडिने महत्त्वपूर्ण उपाय हुन सक्ने भए तापनि अपवादात्मक रूपमा मात्र प्रयोग भएको पाइयो।

बाल न्यायलाई अन्य नियमित अदालती न्यायिक कारबाहीभन्दा फरक गरी हेरिनु पछाडि यसका केही सैद्धान्तिक आधार छन्। बालबालिकाका सम्भावित परिणाम वा क्षतिका सम्बन्धमा गरिने पूर्वानुमानको क्षमता कम हुने भएकाले सुधारका लागि अलग्गै व्यवस्था गरिएको र सो बालबालिका समेतको सहभागितामा गर्ने अवधारणा विधायिकी मसनायका रूपमा अभिव्यक्त भए तापनि कार्यान्वयनमा धेरै प्रभावकारिता कायम हुन सकेको पाइएन।

## ५.८ संघीयतामा बाल सहभागिता

संघ, प्रदेश र स्थानीय तहमा बालअधिकार संरक्षण संयन्त्रहरू स्थापना भएका भए तापनि ती संयन्त्रमा बाल सहभागिताको संरचित अभ्यास समान रूपमा विकसित भएको पाइँदैन। बाल क्लब, बाल सञ्जाल, विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल अधिकार समिति आदिमा सहभागिता रहेको देखिए तापनि निर्णय प्रक्रियामा बालबालिकाको सुझाव कत्तिको समावेश भयो भन्ने मूल्याङ्कन प्रणाली कमजोर रहेको पाइयो । बाल सहभागितालाई अनिवार्य सर्तका रूपमा स्थापित गरिएको छैन। स्थानीय तहहरूका बीचमा पनि अभ्यासमा असमानता रहेको पाइएको छ।

## ५.९ नीति र कार्यक्रमसँग ऐनको सम्बन्ध

राष्ट्रिय बालबालिका नीति, २०८० ले बाल सहभागिता प्रवर्धन गर्ने स्पष्ट नीति लिएको छ। तथापि ऐन, नीति र कार्ययोजनाबीच स्पष्ट परिणाम सूचक को अभाव रहेको छ। बाल सहभागिता मापनका लागि एकीकृत तथ्याङ्क प्रणाली नै छैन।

# परिच्छेद-६
# निश्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको सर्वाङ्गिण विकास मार्फत सक्षम नागरिक तयार गर्ने उद्देश्य साथ जारी गरिएको कानून हो। बाल सहभागिताको विषय बाल अधिकार र बाल विकासको महत्त्वपूर्ण पक्ष हो। बाल अधिकार महासन्धि तथा हाम्रा कानुनी प्रबन्धबाट समेत बाल सहभागितालाई बाल अधिकारको महत्त्वपूर्ण आयाम अर्थात् खम्बा (Piller) को रूपमा स्वीकार गरिएको छ। ऐनले बाल सहभागिता सम्बन्धमा संविधान तथा अन्तर्राष्ट्रिय दायित्वसँग सुसंगत प्रगतिशील व्यवस्था गरेको छ। बालबालिकालाई सक्रिय अधिकारधारक (Rights holder) का रूपमा स्थापित गर्ने दिशामा सकारात्मक देखिन्छ।

सामान्यतयाः बाल सहभागिताका दुईवटा पक्ष हुन्छन्। एउटा, भौतिक सहभागिता जसले कुनै सार्वजनिक मञ्च वा संरचनामा बालबालिकाको उपस्थितिलाई सङ्केत गर्दछ भने अर्को गुणात्मक वा अर्थपूर्ण सहभागिता जसले बालबालिकालाई निर्णय प्रक्रियामा कति सुनिएको छ भन्ने कुरा हेर्दछ। अर्को कोणबाट विवेचना गर्दा भौतिक सहभागिता साधन वा माध्यम हो भने गुणात्मक सहभागिता नतिजा। बालबालिका सम्बन्धी कानून जारी भएपछि भौतिक सहभागिताको अवस्थामा क्रमशः सुधार हुँदै गएको छ तथापि गुणात्मक र अर्थपूर्ण सहभागितामा भने पर्याप्तताको अवस्था छैन, अझै धेरै मेहनत गर्नु पर्ने देखिएको छ।

प्रस्तुत कार्यान्वयन मापन अध्ययनका आधारमा समितिको निष्कर्ष देहाय बमोजिम रहेको छः-

१. बाल सहभागिता सम्बन्धी कानूनी प्रावधान प्रगतिशील भए तापनि कार्यान्वयनमा संरचनात्मक र प्रक्रियागत समस्याहरू रहेका छन्। एउटै कानूनको कार्यान्वयन फरक फरक प्रदेश तथा स्थानीय तहमा फरक मानक एवं सूचकका आधारमा भइरहेका छन्।
२. बालबालिकाको भौतिक सहभागिता क्रमशः सुधार हुँदै गएको भए तापनि गुणात्मक र अर्थपूर्ण सहभागिताका लागि अझै धेरै प्रयास गर्नु पर्ने देखिएको छ।
३. बालबालिका सङ्गठित हुने र आफ्नो चासो र सरोकारको विषयमा विचार अभिव्यक्त गर्न पाउने कुराको व्यावहारिक कार्यान्वयनका लागि सबै सार्वजनिक निकाय, स्थानीय तह एवं समाजका सबै पक्षको सकारात्मक पहल आवश्यक पर्दछ। त्यस्ता विचारहरूको सुनुवाइको प्रबन्ध गरिनु पर्दछ।

४. बालबालिकाको सवालमा काम गर्ने कुरा अन्तरमन्त्रालयगत र अन्तरक्षेत्रगत विषय भएको हुँदा यसका एउटा मात्र क्षेत्र वा निकायले मात्र नभै बहुक्षेत्र र सरोकारवालाले सम्बोधन गर्नु पर्ने विषयका रूपमा रहेको छ। शिक्षा, स्वास्थ्य, खेलकुद, पूर्वाधार लगायतका विषयहरू बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने भएको हुँदा त्यस्ता विषयको नियमन र व्यवस्थापनसँग पनि यो विषय अत्यधिक जोडिएर आउछ।

५. बाल अधिकार र बाल सहभागिताको विषय मौलिक हकको विषय भएको हुँदा हरेक कानून निर्माण एवं निर्णय निर्माणमा बालमैत्री दृष्टिकोणबाट हेर्ने परिपाटिको विकास हुन सकेको छैन।

६. संघीय संरचना अनुसार तीनवटै शासकीय तहमा बाल सहभागितालाई हेर्ने दृष्टिकोण र अभ्यासमा असमानता रहेको छ, जसलाई संघबाट मापदण्ड सहित मार्गनिर्देश गर्न सकिएमा क्रमशः एकरूपता कायम गर्न सकिन्छ।

७. बाल न्यायका सन्दर्भमा भएका बाल सहभागिता सम्बन्धी प्रबन्धहरूको कार्यान्वयनमा अझै प्रभावकारिता ल्याउन जरुरी छ। बालन्याय सम्पादनका क्रममा कानूनको विवादमा परेका बालबालिकाको बाल विकासमा राज्यले पर्याप्त ध्यान दिन सकेको छैन।

८. बालबालिकाको ठूलो समय व्यतित हुने विद्यालय, समाज र परिवारमा बाल सहभागितालाई बढावा दिने केही कानूनी र व्यावहारिक उपकरणहरूको अभावमा समान रूपले कार्यान्वयन हुन सकेको छैन। शिक्षा, स्थानीय योजना निर्माण, खेलकुद, मनोरञ्जन र सामाजिक सुरक्षाका कार्यक्रममा सहभागिताको अभ्यास समान रूपमा संस्थागत हुन सकेको छैन। बढ्दो एकात्मक परिवारको अभ्यासले बालविकासका लागि महत्त्वपूर्ण बालापनको अभ्यास एवं अन्तरपुस्ता आत्मियता र ज्ञानको हस्तान्तरण समेत कम हुँदै गएको छ।

९. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको प्रतिनिधित्व र सहभागिता अझ सुदृढ गर्नुपर्ने आवश्यकता देखिएको छ।

१०. बाल सहभागिता सुनिश्चित गर्न स्पष्ट मापदण्ड, कार्यविधि निर्माण र अनुगमन प्रणाली पर्याप्त रूपमा विकास गरिएको छैन।

### ६.२ सुझाव

प्रस्तुत अध्ययनका आधारमा देहाय बमोजिमका सुझाव सिफारिस गरिएको छः-

१. बाल सहभागिता सुनिश्चित गर्न तथा बाल सहभागितालाई अवलम्बन गर्ने तरिकामा एकरूपता कायम गर्न संघीयस्तरबाट स्पष्ट कार्यविधि तथा मापदण्ड तयार गरी सबै प्रदेश र स्थानीय तहमा लागू गरिनु पर्ने।

२. बालबालिकाको भौतिक सहभागिता क्रमशः सुधार हुँदै गएको भए तापनि गुणात्मक र अर्थपूर्ण सहभागिता प्रवर्धनका लागि स्रोतको प्रबन्ध र व्यवस्थापन गर्न स्थानीय तहलाई जिम्मेवार बनाउने र संङ्घीय तहबाट आवश्यकता अनुसार बाल सहभागिता प्रवर्धन सम्बन्धी नमूना कार्यविधि निर्माण गरी पठाउने र स्थानीय तहमा समेत समावेशी सहभागिता सुनिश्चित हुने गरी त्यस्तो कार्यविधि बनाउनु अनिवार्य गर्ने।

३. बालबालिका सम्बन्धी ऐनमा व्यवस्था भएबमोजिम हरेक स्थानीय तहमा बाल कल्याण अधिकारी नियुक्त गर्नु पर्नेमा सीमित सङ्ख्यामा मात्र नियुक्त गरी धेरैमा अन्य कर्मचारीलाई थप जिम्मेवारी तक्ने गरेको पाइएको हुँदा सबै स्थानीय तहले बालकल्याण अधिकारीको नियुक्ति गर्ने व्यवस्था मिलाउने।

४. बालबालिका सङ्गठित हुने र आफ्नो चासो र सरोकारको विषयमा विचार अभिव्यक्त गर्न पाउने कुराको व्यावहारिक कार्यान्वयनका सबै स्थानीय तहमा रहेका बाल कल्याण अधिकारीलाई जिम्मेवार बनाउने, सबै स्थानीय तहमा स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी तथा बाल कोषको प्रभावकारी गठन र नियमित सञ्चालन सुनिश्चित गरिनु पर्ने।

५. स्थानीय तहको योजना तर्जुमा, बजेट विनियोजन तथा निर्णय प्रक्रियामा बाल सहभागितालाई प्रक्रियागत अङ्गका रूपमा अनिवार्य संस्थागत गरिनु पर्ने र सो सम्बन्धमा बालमैत्री स्थानीय शासन कार्यविधिमा भएका प्रबन्धलाई ऐनमा समेत राखिनु पर्ने।

६. बालबालिकाको सरोकार आकर्षित हुने अन्य विषयगत कानूनहरूको तर्जुमा र कार्यान्वयन गर्दा मौलिक हकका रूपमा रहेको बाल सहभागिता प्रवर्धन गर्ने व्यवस्था गर्नु पर्ने।

७. विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने कानूनी प्रबन्ध गर्ने र सो सम्बन्धमा बालमैत्री स्थानीय शासन कार्यविधिमा भएका प्रबन्धलाई सम्बन्धित ऐनमा नै राखिनु पर्ने।

८. बालबालिकाले आमा वा बुबामध्ये कुनै एक वा दुवैको थर सम्मानपूर्वक राख्न र रोज्न पाउने अधिकारलाई प्रचलन गराउन सम्बन्धित कानूनमा आवश्यक व्यवस्था गर्ने, हरेक नयाँ कानुन निर्माण गर्दा बालमैत्री दृष्टिबाट परीक्षण गर्ने प्रणाली विकास गरिनु पर्ने।

९. कानून नीति र कार्यक्रम तथा बजेटका बीचमा तालमेल मिलाउने गरी सङ्घ, प्रदेश र स्थानीय तहमा स्रोतको विनियोजन गर्ने व्यवस्था मिलाउनु पर्ने।
१०. बालबालिकाको सार्थक सरोकार भएका विषयमा बालबालिकाको आवाजको सुनुवाइ हुने र निर्णय प्रक्रियामा उनीहरूका कुरा सुनिने प्रबन्ध सुनिश्चित गर्नु पर्ने।
११. बाल न्यायका सन्दर्भमा भएका बाल सहभागिता सम्बन्धी प्रगतिशील प्रबन्धहरूको कार्यान्वयन र बाल न्याय सम्पादनका क्रममा बाल सहभागिता प्रवर्धन गर्दै बाल सुधार गृहमा रहेका १८ वर्ष उमेर पूरा भएका व्यक्तिलाई ऐनमा व्यवस्था भए बमोजिम अलग्गै कक्षमा राख्नु पर्ने।
१२. बाल सहभागिता सम्बन्धी विषयलाई राष्ट्रिय तथ्याङ्क प्रणालीमा समावेश गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाउने।
१३. बाल सहभागितालाई प्रभावकारी बनाउन परीक्षण संयन्त्रको व्यवस्था गरी आवधिक रूपमा बाल सहभागिताको अवस्था परीक्षण गर्नुका साथै र मन्त्रालयले आफ्नो कार्यक्षेत्रमा बाल सहभागिता अवस्थाको नियमित अनुगमन गर्ने परिपाटी विकास गर्नु पर्ने।
१४. कानून निर्माण प्रक्रियामा पनि बाल सहभागिता बढाउने कार्य गर्नु पर्ने।
१५. बालबालिकालाई प्रत्यक्ष रूपमा सेवा प्रदान गर्ने वा नगर्ने सबै सेवाप्रदायक निकायका पूर्वाधार र संरचना सबै बालबालिकाको पहुँचमा हुने गरी पहुँचयुक्त बनाउनु पर्ने।
१६. बाल क्लब तथा बाल सञ्जालको क्षमता अभिवृद्धि गर्न कार्यक्रम र स्रोत व्यवस्थापन गरिनु पर्ने।
१७. अनौपचारिक क्षेत्रका बालबालिकाको समस्या पहिचान र निराकरणमा कार्य गर्नु पर्ने।

## सन्दर्भ सामग्री


### संविधान/कानून/नीति/योजना

१. नेपालको संविधान।

२. प्रतिनिधि सभा नियमावली, २०७९।

३. राष्ट्रिय सभा नियमावली, २०७५।

४. संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८०।

५. बालबालिका सम्बन्धी ऐन, २०७५।

६. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९।

७. सोह्रौं योजना, राष्ट्रिय योजना आयोग।

८. राष्ट्रिय बालबालिका नीति, २०८०।

### वेबसाइट

९. A summary of the rights under the Convention on the Rights of the Child (https://www.unicef.org/montenegro/en/reports/summary-rights-under-convention-rights-child हेरिएको मितिः २०८१ मङ्सिर १५ गते)

१०. बाल अधिकार भनेको के हो?(https://www.unicef.org/nepal/ne/कथा/बाल-अधिकार-भनेको-के-हो हेरिएको मितिः २०८१ मङ्सिर १५ गते)